पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ३ २०६७ साउन २१ गते शुक्रबार (Aug. 6, 2010) मूल्य रू. ५/-

## आज नाटकको चौथो शो

काठमाडौं / माधव नेपालको नेतृत्वको सरकारले राजीनामा दिएको ५ हप्तापछि पनि देशले प्रधानमन्त्री पाएको छैन। आज चौथो पटक ठूला तीन दलले बानेश्वरको संविधानसभा भवनमा नाटक देखाउँदैछन्। माओवादीका अध्यक्ष प्रचण्डले ४ घण्टामा सहमति हुन्छ भन्ने डिङ हाँके पनि त्यो फजुल सावित हुन पुगेको छ भने कांग्रेस सहमति नभए बहुमतीय प्रणाली भए पनि अबको सत्ताको नेतृत्व आफैंले गर्न पाउनु पर्ने भन्दै चुनावमा होमिएको हो। एमालेले दुइ तिहाई र तटस्थको नौटंकी देखाउँदै आएको छ।

जे होस् आज चौथो चरणको निर्वाचन हुँदैछ। माओवादीको करबलले आजको मिति तोकिएको हो। आज पनि प्रचण्ड अथवा रामचन्द्र पौडेलमध्ये कसैले बहुमत ल्याउन सकेनन् भने भदौ ४ गते पाँचौ चरणको निर्वाचन हुनेछ। अन्तरिम संविधानअनुसार (**बाँकी पाँच पेजमा**)

## आज पनि संविधानसभामा निःशुल्क गाईजात्रा

# माओवादीको भर्तीको संकेत रक्तपात

काठमाडौं / विस्तृत शान्ति सम्झौताका अवस्थामा रहेको संख्यामा



नबढ्ने गरी पदपूर्ति गर्न सर्वोच्च अदालतले निर्णय गरेपछि नेपाली सेनाले ३ हजार ४ सयको संख्यामा पदपूर्तिको विज्ञापन सार्वजनिक गरेपछि एनेकपा माओवादीको विशेष गोप्य बैठकको निर्णय प्राप्त गरेर माओवादी लडाकूले पनि भर्ती खोलेका छन। माओवादी लडाकूहरू ७ डिभिजन अन्तर्गत शिविरमा राखिएका छन्।



तिनीहरूको संख्या १९ हजार ६ सय २ छ। लडाकू अनमिनको निगरानीमा छन् र अनमीनले आँखा चिम्लिदा शिविर बाहिर आएर हिंसा, चोरी, डकैती, तस्करीसम्म गर्ने गरेको छन्। माओवादीको दवावमा अनमिनले नेपाली सेनाले पदपूर्ति गर्नु शान्ति सम्झौता विपरित भनेर वक्तव्य निकालेको छ। अनमिनले सर्वोच्च अदालतको फैसलालाई समेत चुनौति दिनुले गम्भीर प्रश्न उठाएको देखिन्छ।

एनेकपा माओवादीका अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीमा उमेदवारी दिएका छन्। आजै हुने निर्वाचनबाट उनी प्रधानमन्त्री चुनिन सफल भए भने माओवादी लडाकुको भर्तीलाई उनले मान्यता दिनेछन् कि छैनन् ? उनले (**बाँकी अन्तिम पेजमा**)

## सेना भर्ना प्रक्रिया माओवादी तगारो

काठमाडौं / नेपाली सेनाले भर्ना प्रक्रिया शुरु गरेपछि माओवादी जनसेनाले समेत नयाँ भर्नाप्रक्रिया शुरु गरेको उद्घोष गरेको छ। नेपाली सेनाले आफ्नो संगठनमा करीब १० हजार दरबन्दी रिक्तरहेको जनाएपछि विभिन्न कारणहरूले गर्दा झण्डै पैतीस सय पदमा मात्र भर्ना खोलेको छ। माओवादीका पूर्व लडाकू अहिले सरकारी ढुकुटीबाट तलबभत्ता खाएर शिविरमा रहेका छन्। माओवादी जनसेनाका प्रवक्ता चन्द्रप्रकाश खनालले मंगलबार पत्रकार सम्मेलन गरी नेपाली सेनाले भर्ना खोलेको हुनाले जनमुक्ती सेनाले पनि नयाँ भर्ना खोलेको जानकारी दिएपछि अहिले सरकार र माओवादीबीच द्वन्द्व चर्किएको छ। माओवादीका पूर्व लडाकूहरूको संख्या करीब १९ हजार रहेको सत्य वास्तविकतालाई माओवादीले स्वीकार गरी अहिले राज्यकोषबाट त्यतिनै संख्याको तलबभत्ता लगायतका सुविधा लिइरहेको अवस्थामा अहिले आएर फेरी १० हजार जनमुक्ती सेनामा भर्ना गरिने छ भन्नु आफैंमा हाँस्यासपद रहेको छ। (**बाँकी तीन पेजमा**)

## एमाले माओवादीको टाङ मुनी

**अभियान संवाददाता**

काठमाडौं / व्यवस्थापिका संसदले तीन तीन पटक चुनाव गराउँदा समेत प्रधानमन्त्री चुन्न नसकेपछि अहिले आएर प्रत्येक राजनैतिक दलहरूमा विभाजनको संकेत देखिन थालेको छ। खासगरेर नेकपा एमाले बहुमतीय प्रधानमन्त्रीको चुनावमा तटस्थ बस्ने निर्णय गरेपछि उक्त पार्टीभित्रै व्यापक असन्तोष जन्मिएको छ। दुईतिहाइ नपुगेको कारण देखाउँदै एमाले अध्यक्ष झलनाथ खनालले आफ्नो उम्मेदवारी फिर्ता लिएपछि तिन पटक भएको चुनावमा उ तटस्थ बसेको थियो। एमाले अध्यक्ष झलनाथ खनालले सहमतीय सरकारका लागि प्रधानमन्त्रीका उम्मेदवार पुष्पकमल दाहाल र रामचन्द्र पौडेललाई उम्मेदवारी फिर्ता लिन गरेको आग्रहलाई माओवादी र कांग्रेस दुवैले अस्वीकार गरेका छन्। एकातिर एमाले अध्यक्ष खनाल लडाकू व्यवस्थापन र हिंसारहित राजनीतिको सुनिश्चितता भए सरकारको नेतृत्वका लागि एमाले खुल्ला रहने बताइरहेका छन् भने अर्का तर्फ प्रजातन्त्रवादी पार्टी नेपाली कांग्रेसलाई मतदान नगरेर माओवादी नेतृत्वको सरकार निर्माणको कार्यलाई समते बल पुऱ्याइरहेका छन्।

प्रधानमन्त्री चुनिनको लागि माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई संयुक्त मधेशी लोकतान्त्रिक दलहरूको मत आवश्यक पर्दछ भने नेपाली कांग्रेसलाई नेकपा एमालेसहित संयुक्त मधेशी दलको आवश्यकता पर्दछ। आज हुने चुनावमा मधेशवादी दलहरूले मतदान गर्ने बताइरहेको अवस्थामा नेकपा एमालेले भने पहिलेकै निर्णयमा तटस्थ रहने निर्णय दोहोऱ्याएको अवस्थामा पुष्पकमल दाहाल प्रधानमन्त्री चुनिन सक्ने अवस्था सिर्जना भएको छ। नेकपा एमालेसहित अन्य राजनैतिक दलहरूले राखेका मागहरू, माओवादीले अहिलेसम्म पुरा गर्न प्रतिबद्धतासमेत (**बाँकी अन्तिम पेजमा**)

## पार्टी विभाजन गराएरै भएपनि सत्ता हत्याउने खेल

**अभियान संवाददाता**

काठमाडौं / व्यवस्थापिका संसद् तेस्रो पल्ट प्रधानमन्त्री चुन्न असफल भएपछि आज फेरी प्रधानमन्त्रीको चुनाव हुँदैछ। श्रावण १७ गते भएको प्रधानमन्त्रीको चुनावमा सभासद्हरूले जुन नाटक पदर्शन गरे त्यसले २०५२ सालको झझल्को झल्काएको छ। तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाले संसदमा विश्वासको मत लिंदा नेपाली कांग्रेस दुई सासदहरू गुप्तवास बसेर शेरबहादुर देउवाको सरकार ढालेका थिए। अहिले परिस्थिति भने सरकार ढाल्नको लागि नभएर सरकार बनाउनको लागि भएको छ। संविधानसभामा उपस्थिति भएको संसद्को चौथो ठूलो दल मधेशी जनअधिकार फोरम सत्ता प्राप्तिकै लागि विभाजन भएको थियो। मधेशी जनअधिकार फोरम विभाजन भएर एउटा मधेशी जनअधिकार फोरम नेपाल र अर्को मधेशी जनअधिकार फोरम लोकतान्त्रिक भएपछि क्रमशः उनीहरूको नेतृत्व उपेन्द्र यादव र विजयकुमार गच्छदारले गर्दै आएका छन्।

व्यवस्थापिका संसदमा भएको प्रधानमन्त्रीको चुनावमा श्रावण ५ र ७ मा दुवै मधेशि जनआधिकार फोरमलगायत तमलोपा र (**बाँकी अन्तिम पेजमा**)

## दिल्लीको काँक्रे कोर्रा : श्याम शरण

काठमाडौं / नेपालको राजनीतिका खेलाडीहरूलाई काँक्रे कार्रा लगाएर ठीक पार्न भारत सरकारले श्याम शरणलाई नेपाल पठाएको छ। नेपालको राजनीतिक स्थिति नाजुक भएको भारतको पकड फुस्कँदै गएकोले त्यसलाई करेक्सन गर्न दिल्लीले पूर्व राजदूत तथा प्रम मनमोहन सिंहका सल्लाहकार श्याम शरणलाई नेपाल पठाएको हो।

श्याम शरण नेपाल विज्ञ हुन्। १२ बूँदे दिल्ली सम्झौता हुँदा प्रवण मुखर्जीसँगै यिनको पनि भूमिका थियो। दिल्ली दूतको नेपाल भ्रमणपछि नेपालको असहज राजनीति सहज भयो र अन्यौलग्रस्त अवस्थामा सुधार भयो भने माधव नेपाललाई कठपुती भन्नेहरू आफैं कठपुतली सावित हुन पुग्नेछन्। देशलाई निकास दिन नसकेर श्यामशरणको चरणदास हुनेहरूले नयाँ नेपाल बनाउने छन भनेर विश्वास गर्नु मूर्खता हुनेछ। यिनले नेपाललाई भारत बनाउने छन्।

## प्रधानमन्त्री जनयुद्ध भन्दा ठूलो मुद्दा

काठमाडौं / एमाओवादीले संविधानसभाको ठूलो दलको हैसियतमा सकारको नेतृत्व गर्न आफूलाई दिएमा बहुमतीयको प्रक्रिया छाड्न सकिने प्रस्ताव गरेपछि कांग्रेसले इन्कार गर्दै जवाफ दिएको छ, पहिले नागरिक पार्टीमा रुपान्तरण होऊ। माओवादीले लडाकूमा भर्ती खोल्नुले माओवादी नागरिक पार्टी होइन भन्ने थप प्रमाण जुट्न पुगेको छ।

ठूला तीन दल सहमतीय प्रणालीमा नगएसम्म शान्ति र संविधान सम्भव छैन भन्ने सबैलाई (**बाँकी अन्तिम पेजमा**)

## 'शरण'मा जाने चरणदासहरू

*शाश्वत शर्मा*

आफू भारतीय प्रधानमन्त्री डा.मनमोहन सिंहको 'विशेष दूत' बनेर आएको दाबी गर्दै गत बुधबार श्याम शरण काठमाडौं ओर्लिए। डी.पी. त्रिपाठी भनिने भारतका 'सी' ग्रेडका नेताको समेत महत्व हुने यो 'स्वतन्त्र' र 'सार्वभौम' (?) मुलुकमा झन भारतीय प्रधानमन्त्री डा.मनमोहन सिंहका 'विशेष दूत' को महत्व नहुने कुरै भएन। तसर्थ अहिले यहाँका राष्ट्रवादी, भारतवादी सबै खाले ( नेता)हरू श्याम शरणको तलुवा चाट्न व्यस्त छन्। खासगरी आज हुन लागेको नेपालको गाईजात्रे प्रधानमन्त्रीका लागि हुने चौथो पटकको मतदान अधिको श्याम शरणको आगमनले अब नेपालको प्रधानमन्त्री को हुने ? र मन्त्रिमण्डलमा को को जाने ? त्यो निर्धारण हुनेछ। विश्वास गरौं, देखाउनका लागि आजको मतदानबाट छिनोफानो भएन भने पनि आउँदो मतदानबाट छिनोफानो हुने तारतम्य मिलाएर मात्र यी श्याम शरण फर्किने छन्। ...अर्थात् 'श्याम'ले आफ्नो 'शरण' मा आउने नेपालका नेताहरू (खासगरी कांग्रेस, एमाले र माओवादी) मध्ये कसलाई 'तथास्तु' भन्छन् ? वा अरु नै रोज्छन् ? त्यो चैं हेर्न बाँकी नै छ। अब भन्नेले भन्लान कि, प्रचण्ड र रामचन्द्रमध्ये एउटालाई 'तथास्तु' भन्नुपर्छ भनेर। तर, त्यसो मात्र पनि होइन। 'श्याम शरण'ले चाहे भने मैदानभन्दा बाहिरका (प्रचण्ड र रामचन्द्र बाहेक) खेलाडी पनि रोज्न सक्छन्।



...आखिर यो मुलुक त यिनै श्याम शरणाहरूकै बपौंती न हो। त, नेपालीको 'समस्या' फुकाउन फेरि एकपटक एक जना भारतीय आइपुगे। अब एकथरीले त, श्याम शरणको यो आगमन नेपालको नयाँ प्रधानमन्त्रीका लागि मात्रै होइन समेत भनिरहेका छन्। तिनका अनुसार श्याम शरणको यो आगमन नयाँ संविधान निर्माण, सेना समायोजन आदि जस्ता गम्भीर (**बाँकी पाँच पेजमा**)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्भियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# असफल संविधानसभा विघटन गर

संविधानसभाको चुनावपछि मुलुक थप राजैनीतिक संकटमा फसेको सत्य वास्तविकतालाई राजनैतिक दलका नेताहरूले स्वीकार गर्न नसकेका कारण दल र तिनका नेताहरूप्रति जनतामा नकारात्मक धारणा बढ्न थालेको छ । संधिवानसभाको चुनावपछि सबै समस्याहरूको समाधान हुन्छ भनेर जनतालाई आश्वासन बाँढिएको थियो । मिठा-मिठा आश्वासनहरू पाएपछि दलहरूलाई विश्वास गर्दै जनताले दुई वर्षभित्रमा संविधान निर्माण गरी लागू गर्ने म्याण्डेटसहित आफ्ना प्रतिनिधि संविधानसभामा पठाएका भएपनि जनताका प्रतिनिधिहरूले जनताले दिएको मतमाथि विश्वासघात गरेका छन् । संविधानसभाको चुनाव अघि तत्कालीन सात दल र माओवादीबीच भएका सहमतिलाई कार्यान्वयनमा लगेर संविधानसभाको चुनाव गराइएको भए अहिलेको जस्तो जटिल परिस्थिति मुलुकमा उत्पन्न नै हुने थिएन । तत्कालीन प्रधामन्त्री गिरिजाप्रसाद कोइरालाको राष्ट्रिपति बन्ने महत्वाकांक्षाले गर्दा माओवादीले उठाउँदै आएका सबै मागहरू पूरा गरिदिए पनि माओवादीहरूले एउटा पनि माग पूरा गरेन्, अहिलेको समस्याको जड भनेको त्यही हो । २०६२/०६३ मा भएको आन्दोलनदेखि अहिलेसम्म माओवादी र सरकारकाबीच १६ वटा सहमति भएका भएपनि ११ वटा सहमति माओवादीले उल्लंघन गरेको छ । कुनै खाका नै तयार नगरी वा कुनै तयारी विना नै संविधानसभाको चुनाव गराइयो, त्यसमा गिरिजाप्रसाद कोइरालाको महत्वाकांक्षाले ठूलो स्थान पाएको थियो । जतिसक्दो छिटो राष्ट्रपति बन्ने तर, अन्त्यमा आएर माओवादीले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउन अस्वीकार गरेपछि मुलुक भन संकटको भूमरीमा फसेको हो ।

संविधानसभाको चुनाव संविधान बनाउनका लागि भएको भएता पनि दलहरूले संविधान निर्माणलाई भन्दा सत्ता प्राप्तिलाई पहिलो प्राथमिकतामा राखेकै कारण तोकिएको समयमा संविधान निर्माण हुन नसकेको सत्य वास्तविकता हो । जसले जतिसुकै लुकाउन खोजेपनि दलहरूको अकर्मण्यता र नालायकीपनको कारण संविधान बन्न सकेन । संविधान निर्माण गर्न संविधानसभाको चुनाव भएको भएपनि व्यवस्थापिका संसदको कार्यसमेत संविधानसभाले गर्ने भएपछि व्यवस्थापिका संसदबाट दुई दुई पटक बहुमतीय सरकार गठन गरियो । तर दुवै सरकार संविधान निर्माण र जारी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन असफल सावित भएका छन् । माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले मुलुकमा एकदलीय अधिनायकवादी तानाशही प्रवृत्ति लाद्न खोजेकै कारण दाहाल सरकार राजीनामा दिन बाध्य भयो । माधवकुमार नेपाल नेतत्वमा बनेको बाईस दलको सरकारलाई एकीकृत नेकपा माओवादीले कठपुतली सरकार र विदेशी रिमोटबाट सञ्चालित भएको सरकार भन्दै सरकार गठन भएकै दिनदेखि नै संसद् हुँदै सडकसम्मको आन्दोलन सञ्चालन गरेर आफ्नो एकलदलीय अधिनायकवादी प्रवृत्ति देखाएका हुनाले माधवकुमार नेपालको सरकारसमेत राजीनामा दिन बाध्य भयो । माधवकुमार नेपाल सरकारले राजीनामा दिएको २ घण्टामै सबै समस्याको समाधान हुन्छ भन्ने उद्घोष गर्ने माओवादी नेतृत्वले नेपालले राजीननमा लिएको ३५ दिन भित्रमा समेत सरकार गठन गर्न नसक्नु कु माओवादीको असफलता होइन र ?

व्यवस्थापिका संसदले तीन पटक प्रधानमन्त्रीको चुनाव गराउँदासमेत प्रधानमन्त्री नियुक्त गर्न संसद असफल सावित भएको छ । श्रावण १७ गते भएको तेस्रो पटकको प्रधानमन्त्रीको चुनावमा पैसाको राम्रो चलेखल भएको आभाष पाइएको छ । संसदीय राजनीति फोहरी खेलमा हामी कहिल्यै लाग्दैनौं भन्ने एकीकृत नेकपा माओवादीले मधेशी जनअधिकार फोरम नेपालका केही सभाषदरुलाई आफ्नो पक्षमा पार्न सफल भएपनि माओवादीका अध्यक्ष दाहाल प्रधानमन्त्री बन्न भने सकेनन् । आहिलेको माओवादी चतुर्‍याइँ हेर्दा पैसाको खोलो बगाएर वा पार्टी नै विभाजन गर्न लगाएर भएपनि माओवादी नेतृत्व प्रधानमन्त्री बन्न उद्दत रहेको प्रष्ट देखिएको छ । माओवादी नेतृत्वमा सरकार निर्माण भएपनि त्यो सरकारले समेत संविधान निर्माण र जारी शान्ति प्रक्रियालाई ठोस निष्कर्षमा पुर्‍याउन सक्ने कुनै सम्भावना छैन । बरु दलहरू विभाजन भएको खण्डमा त्यसले दलहरूमा र सरकारमै पनि ठूलो तिक्तता उत्पन्न गर्न सक्ने भएको हुनाले अब संविधानसभा विघटन गरेर ताजा जनादेश लिनु बाहेक अन्य विकल्प बाँकी छैन । प्रधानमन्त्रीसम्म छान्न नसक्ने नालायक नेताहरू र असफल संविधानसभा के का लागि ? गरीब नेपाली जनताले तिरेको करबाट ६०१ सभाषदहरूलाई पाली राख्नुको औचित्य के ? त्यसैले अविलम्ब संविधानसभा विघटन गरेर ताजा जनादेशमा जान हामी आग्रह गर्दछौं ।

# माओवादीलाई संविधान भन्दा सत्ता प्यारो

– देवेन्द्र चुडाल –

संविधान सभाको चुनावपछि गठन भएको संविधानसभाले आफले तोकेको समयसीमाभित्र संविधान निर्माण गर्न असफल सावित भएर आफ्नो अकर्मण्यता र नालायकीपनलाई फेरि जनताको साम् प्ष्ट पार्न संविधानसभाको पदावधि एक वर्ष लम्ब्याएको छ । संविधानसभाको पदावधि एक वर्ष लम्ब्याइए पनि थपिएको दुई महिनासम्ममा संविधान निर्माणको कार्यसमेत शुरु भएको छैन । राजनैतिक दलका नेताहको कुर्सी मोहका कारण संविधान निर्माण कार्यलाई अगाडि बढाउन असफल भएका दलहरू अहिले एक अर्काप्रति आरोप-प्रत्यारोपमा मात्र उत्रिएका छैनन्, आफ्नै दलभित्रसमेत पक्ष र विपक्ष समेत भएका छन् । खास गरेर एकीकृत नेकपा माओवादीकै कारण अन्य दलहरू आफ्नै दलभित्र पक्ष विपक्षमा उभिएका छन् । माधवकुमार नेपालले राजीनामा दिएको खण्डमा सबै समस्याहरूको समाधान एक दुई घण्टामा हुने उद्घोष गर्ने माओवादी नेतृत्वले अन्य दलहरूलाई विभाजित गराएरै भए पनि आफूले कुर्सी हत्याउने खेलमा सक्रिय भएको हुनाले दलहरू ध्रुवीकरणतर्फ अगाडि बढेका छन् । दश वर्षसम्म आन्दोलन गरेर अन्तरिम संसद्, अन्तरिम सरका हुँदै संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एकीकृत नेकपा माओवादीको हेपाहा प्रवृत्ति र लडाकू र हतियार दम्भको कारणले गर्दा नै उसलाई अन्य दलहरूले विश्वास गर्न नसकेको अवस्थामा उसले आफ्ना पूर्व लडाकू र हतियारको व्यवस्थापन गर्न अन्य दल र सरकारलाई सहयोग गर्नुको सट्टा अभै माओवादीसँग थप सशंकित हुन पुगेको सत्य वास्तविकतालाई माओवादी नेतृत्वले स्वीकार गर्न नखोज्नु माओवादी नेतृत्वको दम्भ नै हो ।

माधवकुमार नेपालले राजीनामा दिएको अवस्थामा उनले उद्घोष गरेका कुराहरूमा सहमतिको सरकार निर्माण र जारी शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउँदै थपिएको समयसीमाभित्र संविधान निर्माण(ा गर्न आफूले व्यवस्थापिका संसद्मा बहुमत हुँदाहुँदै राजीनामा दिएको बताएका थिए । माधवकुमार नेपाल प्रधानमन्त्री भएको दिनदेखि नै कठपुतली सरकार र रिमोटबाट सञ्चालित सरकार भन्दै एकीकृत नेकपा माओवादीले सदनदेखि सडकसम्मको आन्दोलन गरेर आफ्नो सक्कली अनुहार जनतालाई देखाएको थियो । दशवर्षसम्म जनताको लागि लडेको स्वाङ गर्ने पार्टीको अहिलेको अवस्था हेर्दा ऊ जनताका लागि लडेको नभएर सत्ता हत्याउनको लागि मात्र संघर्षम उत्रेको रहेछ भन्ने प्रमाणित हुँदै गएको छ । दशवर्षे आन्दोलनमा दुवै पक्षबाट भण्डै १५ हजार व्यक्तिको ज्यान गएको छ । हजारौं हजार व्यक्तिहरू आफ्नै देशमा आन्तरिक शरणार्थीको रुपमा जीवन बिताउन बाध्य पारिउका छन् । हजारौं बालबालिका आमा-बाबुविहीन अवस्थामा पुर्‍याइएका छन्, त्यति नै संख्यामा आमाबाबुलाई छोराछोरीविहीन अवस्थामा पुर्‍याइएको मात्र होइन, हजारौं महिला दिदीबहिनीहरूले आफ्ना श्रीमान गुमाउनुपरेको छ । यस्तो विकराल समस्या उत्पन्न गर्ने प्रमुख दल भनेको हालको एकीकृत नेकपा माओवादी नै भए पनि उसले नौ महिनासम्म सत्ताको बागडोर हातमा लिँदा उसले आफूले मारेका सर्वसाधारण जनतालाई शहीदको श्रेणीमा राखेन, राज्य पक्षबा मारिएका आफ्ना कार्यकर्तालाई मात्र शहीदको श्रेणीमा राखेर उसले सरकारमै रहेका बेला द्वैध चरित्र देखाएको अवस्थामा अब फेरि उसले राज्य सञ्चालनको जिम्मेवारी पाएको खण्डमा के गर्ला अहिले नेपाली जनताको मन र दिमागमा उब्जिएको यो निष्कर्ष हो ।

२०६२-६३ मा तत्कालीन सात दल र तत्कालीन माओवादीबीच भारतको राजधानी नयाँ दिल्लीमा भारतलाई साक्षी राखेर उनीहरूद्वारा नै तयार पारिदिएको लिखित सहमतिमा हस्ताक्षर गरेर त्यसै दिनदेखि सात दल र माओवादी भारतका नजरमा उनीहरू दलालमात्र बन्न पुगेका थिए, अहिले आएर सन् १९५० को सन्धिको एकीकृत नेकपा माओवादीले विरोध गर्नुको कुनै तुक छैन । अबका केही वर्षपछि भारतमा भएको १२ बुँदे सहमतिको पनि व्यापक विरोध हुन्छ । त्यही १२ बुंदे सहमतिले गर्दा भारतले नेपालमाथि ठाडो हस्तक्षेप गर्न पाएको छ । मन्त्रिपरिषद्को बैठकदेखि कर्मचारीहरूको सरुवा-बढुवामा समेत भारतीय हस्तक्षेप बढेको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा गर्दा भनेका थिए- विदेशी प्रभुहको कारण आफूलाई काम गर्न नदिएको हुनाले मैले राजीनामा दिएको हुँ । माधवकुमार नेपाल सरकारको विरुद्ध आन्दोलन गर्दा अर्को उद्घोष गरे- मैले भारतीय उच्च अधिकारीसँग वार्ता गर्न खोजेको थिएँ, भारतले स्वीकार गरेन । पछि २०६६ पौषको आन्दोलनमा अर्को उद्घोष गरे- अब म नोकरसँग होइन मालीकसँग वार्ता गर्दछु अर्थात प्रभुहरूसँग मात्र । यी सबै तथ्यहरूलाई बिर्सिएर उनी अहिले आफैंले नोकर भनेका व्यक्तिहरूको ढोका-ढोका चहारिरहेका छन् अनि तिनै प्रभु अर्थात् मालिक भनेका भारतीय राजदूत राकेश सूदको शरणमा लम्पसार परेर आफूलाइ उदार गरिदिन आग्रह अनुनय विनय गरिरहेका हुनाले अब प्रष्ट भएको छ पुष्पकमल दाहालको नाटक सत्ता हत्याउने र जनतालाई भुक्याउने खेलभन्दा अर्को केही होइन । पुष्पकमल दाहाल ठूला नाटककार पनि हुन्, कहिले उनी उद्घोष गर्दछन् आफू पनि निर्देशक भएको कहिले नाटककार भएको त कहिले अन्यत्रै रमाएको, परेको बेला उनी जनतालाई ढाँट्नको लागि आँशुसमेत झार्न पछि पर्दैनन्, यस्ता नाटककाहरूकै कारणले मुलुकको ठूलो संकट व्यहोर्नुपरेको सत्य वास्तविकतालाई जनताले अब नसच्याउने हो भने मुलुक असफल राष्ट्र बन्नेतर्फ उन्मुख हुनसक्छ ।

संविधानसभाको चुनाव संविधान निर्माण गर्नको लागि भए पनि संविधानसभाका तीन ठूला दलहरू संविधान निर्माणलाई भन्दा सत्ता प्राप्तिलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढेका हुनाले तोकिएको समयमा संविधान निर्माण हुन नसकेको हो । संविधानसभामा उपस्थित भएका पच्चीस दलहरूमध्येका नेपाली कांग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीको सभाषद् संख्या हेर्दा संविधानसभामा दुईतिहाई मत पुग्ने भए पनि उनीहरू पार्टीगत स्वार्थका लागि एकै ठाउँमा बस्नसक्ने अवस्था छैन, नेपाली कांग्रेस एउटा प्रजातान्त्रिक पार्टी भएको नाताले उसले अन्य साना दलहरलाई मिलाएर प्रजातान्त्रिक अभ्यासका लागि अन्य दलहरूलाई डोर्‍याउनुपर्नेमा त्यस पार्टीका केही महत्वाकांक्षी नेताहरूकै कारण नेपाली कांग्रेस, एकीकृत नेकपा माओवादीका टाङमुनि छिर्न पुगेको हुनाले उसले संविधानसभाको चुनावमा नराम्रो पराजय भोग्नुपर्‍यो । नेपाली कांग्रेसका संस्थापक नेताहरूमध्येका जिउँदा नेता कृष्णप्रसाद भट्टराई र विनाश्री कोइरालाको सिद्धान्तलाई गिरिजाप्रसाद कोइरालाले त्यागेकै कारण नेपाली कांग्रेस विभाजनको शिकारसम्म बन्न पुग्यो । नेपाल दुई विशाल छिमेकी मुलुकहरूको बीचमा रहेको र नेपालले दुवै छिमेकी मुलुकहरलाई एउटै प्राथमिकतामा राख्नुपर्नेमा नेपालका राजनैतिक दलका नेताहरूले उत्तरी छिमेकी मुलुकलाई भन्दा दक्षिणी छिमेकी मुलुकलाई विशेष प्राथमिकतामा राखेर अगाडि बढेका हुनाले नेपालको परराष्ट्रनीति समेतले हावा खाएको छ । यहाँका प्रत्येक नेताहरू भारतीय सरकार र त्यहाँका नेताहरूको आशीर्वाद चाहन्छन् । उनीहरूको आशीर्वाद नभएको खण्डमा नेपालमा सत्ता प्राप्त गर्न सकिँदैन भन्नु कुत्सित भावना नेपालका नेताहरूमा भएकै कारण उनीहरू भारतको शरणमै परेरै भए पनि सत्ता हत्याउन चाहन्छन् भन्ने पुष्टि स्वयं पुष्पकमल दाहालले गरेका छन् ।

जारी शान्ति प्रक्रियालाई सही निष्कर्षमा पुर्‍याउन र संविधान निर्माणको कार्यलाई अगाडि बढाउनको लागि संविधानसभा असफल सावित भए पनि तिनै असफल व्यक्तिहरूबाट संविधानसभाको पदावधि थपिए पनि तोकिएको समयमा संविधान बन्नसक्ने कुनै अवस्था छैन । संविधान निर्माणलाई भन्दा सत्तालाई पहिलो प्राथमिकता दिएका दलहरूले जसको नेतृत्वमा सरकार बनाए पनि त्यो सरकार पनि कठपुतली सरकार मात्र हुने र त्यो सरकारले जनताको लागि भन्दा मालिकलाई नै खुशी पार्नमा समय व्यतित गर्ने प्रायः निश्चित भएको हुनाले जनताको लागि जसको नेतृत्वमा सरकार बने पनि कागलाई बेल पाक्यो हर्ष न विस्मत !

# तराईमा बढ्दैछ महिला हिंसा

*- भोला कुमार*

मध्यान्हको समय थियो। एक हुल मानिसहरू हातमा भाटा वोकेर मेरो आँगन तिर आए। त्यो पनि आफ्नै छरछिमेक। म आत्तिएर घर भित्र पसे। उनीहरू घर भित्रै पसे र चुल्ठोमा समाएर मलाई घिस्याउदै वाहिर डगरमा पुऱ्याए। मेरो घरमा कोलाहाल मच्चियो। छोरा छोरीहरू रुन कराउन थाले। डगरमा पुऱ्याएर डाईन ( बोक्सी ) भन्दै भाटाले कुट्न थाले। म रोई कराई गरेर हारगुहार माग्दै रहे. तर सुन्ने कोही भएन। एकै क्षण पछि एउटा खर्पनमा घोलेर ठिक्क पारि राखिएको मलमुत्र लिएर दुई जना .मेरो अगाडी उभियो। दुई जनाले मेरो चुल्ठो र गर्धन समाए। अनी त्यो मल मुत्र ( मान्छेको दिसा ) मेरो मुखमा कोच्याए। निल्दैन की भनेर नाक थुनिदिए। भक्कानिदै उनी भन्छिन् वरु विष पिलाएको भए सजिलै निलिदिन्थे तर असत्तीहरूले मर्नु न बाँच्नु बनाए।

सुन्दा पनि मन हुडलिएर आउने यो व्यथा हो सिराहाको मुक्सार गा.वि.स–२ की ५० वर्षिय रासोदेवी यादबको। उनताई गत २२ मंसिरमा स्थानिय वासिन्दाहरूले बोक्सीको आरोपमा कुटपिट मात्र गरेनन् मलमुत्र मुखमा कोच्याएर घोर अपमान र अमानविय यातना समेत दिए। यस्तो अमानविय यातना भोग्ने सिरहामा रासो देवी एक्ली छैनन्। गत वर्ष असार देखि यताको १८ महिनामा उनी जस्ता १२ जना महिलाले यो हृदयविदारक व्यथा भोग्नु परेको छ। यो एउटा जिल्लाको तथ्याङ्क हो। पुरै नेपालको तथ्याङ्क संकलन गर्ने हो भने त्यो अवश्य पनि काहाली लाग्दो हुनेछ। वोक्सीको आरोपमा प्रताडित जुन महिलालाई सोध्दा पनि रासो देवीले जस्तै घटना विवरण सुन्न पाईन्छ। ०६५/४/२८ करजन्हा ८ परियागपुर की रिता देवी साह वर्ष ३५ को व्यथा झन चर्को छ। वोक्सीको आरोप लगाई गाउँले मिलेर मृत्यू भएको महिलाको लाश उनको घरमा लगेर राखिदिए। गाउँलेहरूले यसलाई जीवित पार भन्दै सासु, वुहारी दुवै जनालाई सार्वजनिक ठाउँमा निर्घात कुटपिट गरी जवरजस्ती मलमूत्र खुवाईएको थियो। सासु वुहारी दुवै जनालाई ४० हजार जरीवाना पनि तिराईयो। प्रहरीले सुनुवाई नगरे पछि उनीहरूले पिडक माथी जिल्ला अदालत सिरहामा मुद्दा हालेका छन्। २०६५/३/१३ का दिन ३८ वर्षिय सीता देवी महतोलाई ( सिरहा अर्नमा ८ वंठिया ) वोक्सीको आरोप लगाई गाउँले कुटेको मात्र होईन सार्वजनिक ठाउँमा हात खुट्टा वाँधी नाङ्गै पारेर घण्टौसम्म राखेका थिए। रासो देवीसंग भएको दुर्व्यवहार सेलाउन नपाउदै गत माघ २३ सिरहाको वस्तिपुर - २ मा फेरी जगी देवी रामलाई वोक्सीको आरोपमा दुर्व्यवहार भएको छ।

सिरहाको वलकवा वस्ने एक मुसलमान व्यक्तिको भारतको दरभंगामा टनसिलको अप्रेशन गर्दागर्दै मृत्यू भयो। ६ महिना पछि उनको छिमेकी महिलाले एक रात सपना देखिन। उनी भोली पल्ट देखि वर्वराउन थालिन र छिमेककी अर्की एक महिलालाई वोक्सी हो भन्न थालिन्। तिनले मृत्यू भएको व्यक्तिलाई त्यही छिमेकी वोक्सीले मारेको र वोक्सी आरोपित गरिएकी महिलाले चिहानमा गएर शुद्ध मनले सुम्सुम्याई दिने हो भने मृत व्यक्ति जीवित हुने दावी गरिन्। ती महिलाको वर्वराहटमा बिश्वास गर्ने हजारौ मानिस देखिए। हजारौको भिड जम्मा भएर वोक्सी आरोपित महिलालाई पक्रेर चिहान ( कव्र ) भए तिर लैजान थाले। तर त्यत्तिकैमा प्रहरी आईपुग्यो र पिडीत महिलालाई बचायो।

**घटना पछिको उत्पिडन**

वोक्सी भनेर कुटपिट गरियो , मल मुत्र मुखमा कोच्याईयो तर उत्पिडन यतिमा मात्रै सिमित छैन। पिडित रासोदेबी यति वेला शारिरीक यातना र अपमानको घोर मानसिक पिडा लिएर स्थानिय किल्निकमा उपचार गराउँदै छिन्। अन्यायमा परियो न्याय पाउँ भनेर उजुरी निवेदन लिएर प्रहरीको ढोका घचघच्याउन पुगेकी रासोदेबीलाई गाउँ घरमै सामाजिक छलफल गरेर मिलापत्र गराउनु भन्ने जवाफ दिएर प्रहरीले फर्काइ दिएको छ। न्याय माग्न जादा कानूनी उपचार दिनु पर्ने निकायले आफनो दायित्व पुरा नगर्दा बोक्सी भनेर मलमुत्र खुवाउने अपराध गर्नेहरू समाजमा निधर्क्क घुमफिर गर्दैछन्। तर निरिह रासोदेवी पीडा र ग्लानीले भुतुक्क भएर लुकीछिपी वसिरहेकी छिन्। घटना घटेको दिन देखि रासोदेबीको परिवार पनि विचल्लीमा परेको छ। एउटा नावालक छोरा डरले घरवाट निस्कन सकेका छैन। वालक छोराको मानसिक आघात वयान गरी साध्य छैन। उनी स्कूल जान सकेका छैनन्। गाँउ घरमा निस्कना साथ तेरी आमा बोक्सी भनेर अपमान गर्ने गरिन्छ। वोक्सीको आरोपमा मल मुत्र कोच्याईएका महिलाको परिवारले दशकौसम्म समाजमा टाउको उठाएर आत्मसम्मानपुर्वक वाँच्ने वातावरण रहदैन। उनका सन्तानहरूले जीवन पर्यन्त अपमानित भएर जीउनु पर्छ।

२१ सौं सताव्दीमा वास्तवमा बोक्सी हुन्छन् की हुदैनन् भन्ने चर्चा गर्न पनि फजूल समय खेर फाल्नु ठानिएला तर समाजको वास्तविकता भने अर्कै छ। सुन्ने र घटना सम्झिनेको पनि आङ्ग जिरिङ्ग हुन्छ। जसले खप्नु पऱ्यो उसको लागि त जीवन भरी पोल्ने अपमानको आगो र कहिल्यै विषेक नहुने मुटू चिथोर्ने व्यथा हो यो। क्रुर हिंसा र अमानवीयताको यो भन्दा ठुलो पराकाष्ठा अरु केही हुन सक्दैन। केही समयको अन्तराल पछि समाजमा घट्ने यस्ता घटनाहरू एक पटक समाचारको विषय बन्छन् र फेरी विस्मरणको गर्भमा छोपिन्छ। तर एक वर्ष अवधिको मात्र घटनाको तथ्याङ्क हेर्ने हो भने बोक्सीको आरोपमा महिलाहरू माथी हुने मानवता विरुद्धको श्रृखलावद्ध अपराध देखिन्छ। सरकारले सन् २०१० लाई महिला हिंसा मुक्त वर्षको रुपमा मनाउने घोषणा गरेको छ। तर सामाजिक यथार्त भने वेग्लै छ। महिला माथी हुने हिंसाका घटनाहरू घट्नुको सट्टा वृद्धि भएर गईरहेको छ। तराईमा त झन महिला माथी हुने हिंसाका घटनाहरूको वहु-पक्षिय आयामहरू छन्। कहिले दाईजोको नाममा त कहिले वोक्सीको नाममा। घर भित्र हुने हिंसा यति व्यापक छ की लेखाजोखा गर्नै कठिन छ। हिंसाको शिकार भएकी पिडीत महिला न्याय र सुरक्षा पाउने आशामा प्रहरी प्रशासनको शरणमा जाँदा उनको निवेदनसम्म दर्ता गरिदैन। पीडित महिलाहरूलाई थाहा छैन देशमा मानव अधिकार आयोग र महिला आयोग पनि छ भनेर। तर ती दुई आयोगलाई संचार माध्यम मार्फत भए पनि थाहा हुन्छ अत्याचारको घटनावारे। आयोगका पदाधिकारीहरू के हेरेर वस्छन् ? कमसेकम पिडितको उजुरी दर्ता गर्न दवाव दिने कार्य मात्र गरिदिए पनि यी आयोगहरू अस्तित्वमा रहनुको सार्थकता देखिन्थ्यो। डलर खेतिको आरोप खेप्दै आएका गैर सरकारी संस्थाहरू र संभ्रान्त परिवारका महिला अधिकावादीहरूलाई त लोक लाजको पनि पर्वाह छैन। राजनीतिले पनि सत्ता ताक्ने काम मात्र गऱ्यो। सामाजिक रुपान्तरण राजनीतिको सरोकारको विषय वनेन। मुलुकमा भएको राजनैतिक परिवर्तनले पनि सभासदको संख्यामा महिलाहरूको गिन्ती थप्ने मात्र काम गऱ्यो। पार्टीका जनवर्गिय संगठनको रुपमा रहेको महिला संगठनहरू पनि वेखवर छन् यी घटनाहरूवाट। अरुलाई सुर्ता नभए पनि महिला सभासदहरूलाई र पार्टीका जनवर्गिय महिला संगठनहरूलाई महिला माथी लगातार भईरहेको यो जघन्य हिंसाका घटनाहरूले पोल्नु पर्थ्यो तर उनीहरू पनि संवेदनहिन देखिएका छन्।

**न्याय व्यवस्था**

घटनाको प्रकृति कहाली लाग्दो छ। तर समाजमा भने पटक्कै संवेदनशिलता देखिदैन। अविवेकी भिडले क्रुरतापुर्वक महिला माथी अत्याचार गर्छ तर पुरै समाज वोक्सीको आरोपमा अवला महिला माथी हुने यो राक्षसी लिला टुलुटुलु हेरेर वस्छन्। कतिपय ठाउँमा त वोक्सीको आरोपमा महिलालाई मलमुत्र खुवाउनेहरू विश्वविद्यालय स्तरको शिक्षा पाएकाहरू पनि देखिएका छन्। प्राय सवै गाउँमा गैर सरकारी संस्था र तिनका कार्यकर्ता छन्। पढेलेखेका युवाहरू छन्। पार्टीका नेताहरू छन्। तर यो विडम्वनापुर्ण घटना घटदा पनि कोही विरोधमा वोल्दैनन्। घटना भईसके पछि न्याय माग्न प्रहरी प्रशासन समक्ष गएकी पिडीत महिलालाई साथ दिदैनन्। उल्टो अपराधी छुटाउन दवाव दिन्छन्। विडम्वना त के छ भने राजनैतिक दलका स्थानिय नेताहरू पनि वोक्सीको आरोपमा महिला माथी दुर्व्यवहार गर्न संलग्न देखिन्छन्। सिराहा जिल्लामा मात्र १८ महिनामा १५ जना महिलामाथी वोक्सीको आरोपमा दुर्व्यव्हार हुँदा पनि कुनै नेतालाई घटनास्थलमा पुग्ने वा पिडीत महिलालाई भेट गर्ने जाँगर चलेको छैन। यस वाहेक तराई मधेशका अन्य जिल्लामा दिनहुं महिलाहरू बोक्सीलगायतका महिला हिंसाबाट पीडित हुनु नियती नै बनेको छ।

इलाका प्रहरी कार्यालय मिर्चैयामा केही समय अघि कार्यरत प्रहरी निरिक्षक दीपक रेग्मी भन्छन् -"प्रहरीले एक्सन लिनासाथ पार्टीका नेताहरू दवाव दिन आउँछन्। उनीहरू भन्छन् हाम्रो गाउँघरको घटना गाउँमै मिलाउँछौं। गाउँमा सामाजिक छलफल ( पञ्चायत ) गरिन्छ। त्यो छलफलमा विचरा पिडीत महिलाले आफ्नो तर्कलाई प्रभावकारी रुपमा राख्न सक्दिनन्। उनको पक्षमा वोलीदिने पनि कोही हुँदैन। अपराधिहरूले नै डाकोले निल्छन् पिडीतलाई। अझ चर्को उत्पिडनको धम्की दिईन्छ। गाउँले मिलापत्र भएको घोषणा गर्छन् र लाचार भएर पिडीत महिलाले सही थाप्नु पर्छ। कुनै घटनामा घाउ खतको उपचार गर्न दुई/चार हजार खर्च उपलव्ध गराई दिने न्याय गरिन्छ। कतिपय ठाउँमा सामाजिक छलफलको निर्णयानुसार वोक्सी भनेर मल मुत्र खुवाईएकी महिलाले उल्टो आर्थिक दण्ड पनि तिर्नु परेको छ।। लाहन नगरपालिका –५ की आशा देवी रायलाई बोक्सीको आरोपमा कुटपीट गरेर स्थानिय वासिन्दहरूले ८ हजार जरीवाना तिराए।"

सिरहामा विगतका वर्षमा १२ जना महिलाहरूलाई वोक्सीको आरोपमा कुटपिट र मलमुत्र खुवाउने अपराधिक घटना भयो। अन्यायमा परेका महिलाहरू न्याय माग्न प्रहरी समक्ष गए। तर प्रहरीले आजसम्म कसैको पनि जाहेरी दर्ता गरेन। मानौ यो अपराधको घटना नै होईन। मानव अधिकारवादी संघ संस्था र महिला समुहहरूको दवाव परे पछि एक दुई घटनामा प्रहरीले एक दुई जना अभियुक्तहरूलाई पक्राउ गर्छ तर एक दुई दिन थुनेर छोडिदिन्छ। यति धेरै जघन्य अपराधका घटना भएका छन् तर अहिलेसम्म एक जना अपराधिलाई पनि कानूनको दायरामा ल्याईएको छैन। रिता देवी साह र चनर देवी साह करजनहा ८ परियागपुरलाई वोक्सीको आरोपमा कुटिरहदा ईलाका प्रहरी कार्यालय मिर्चैयावाट ईन्सपेक्टरको कमाण्डमा प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले कसैलाई पक्राउ गरेन। झगडा छुट्याएर फर्कियो। प्रहरी निरीक्षकसंग यसवारे जिज्ञाशा राख्दा उनले भने- के गर्ने हामीले सारा गाउँका वालक देखि वृद्धसम्म एकमत भएर वोक्सी भनिरहेका छन्। हामीले केही गर्ने हो भने हामी माथी नै खनिन्छन्। सिरहामा भएका सवै वोक्सी काण्डका पिडीत महिलाहरूलाई लिएर प्रहरी समक्ष उजुरी दर्ता गराउन पुगेकी महिला अधिकारकर्मी श्याम कुमारी साह भन्छिन् - बोक्सीको आरोपमा महिला माथी हुने दुर्व्यवहारको घटनामा अचाकली वृद्धी हुनुको कारण दण्डहिनता हो। किनकी उजुरी लिएर जादा प्रहरीले जाहेरी दर्ता गर्दैन। कसै माथी कारवाही हुदैन। दण्डहिनताले गर्दा उत्पिडकहरूको मनोवल बढेको छ।

**किन खुवाईन्छ अभक्ष ( मल मुत्र ) ?**

तराईमा अन्धविश्वास छ की वोक्सीलाई मलमुत्र खुवाई दिनाले उ बहुलाउछे र वोक्सी विद्या विर्सिन्छे। मात्र यति अन्धविश्वासको कारण वर्षेणी सैकडौ महिलाहरू यो अमानविय अपराधको शिकार भईरहेका छन्। त्यत्रो समाजको अगाडी मर्नासन्न हुने गरी कुटपिट हुनु , त्यसमाथी वोक्सीको कलंक बोक्नु र दिसा निल्न पर्नु। अपमान र पीडाको यो मात्रा एउटा मानिसलाई बहुलाहा बनाउन प्रर्याप्त छ। वरु बहुलाएन भने आश्चर्य हो। यति पिडा र अपमान सहेर बाँच्नु पर्दा प्राय मानिसको मानसिक दसा विग्रनु अस्वभाविक होईन।

वोक्सीको आरोपमा महिला माथी अनवरत र श्रृखलावद्ध दुर्व्यवहार हुनुमा दुईवटा कारणहरू छन्। एउटा हो अन्धविश्वास अर्थात चेतनाको कमी र अर्को हो कमजोर वर्ग माथी वलियोले गर्ने अत्याचार।

**परम्परा र अन्धविस्वास**

लैनो गाई वा भैंसीले अचानक दुध दिन छोड्यो , कसैको नावालक छोराछोरी विरामी पऱ्यो वा मृत्यू भयो, कसैको गर्भ तुहियो - मानिस वा पशुधनको ) कसैलाई सर्पले डसेर मृत्यू भयो भने बोक्सीले कैफियत गऱ्यो भन्ने आम धारणा छ। साना केटाकेटीलाई निमोनिया भयो र छाती घ्यार घ्यार गऱ्यो भने वोक्सी लाग्यो भनिन्छ। कुपोषण भयो वा सुकेनास लाग्यो भने वोक्सीले कुफत गऱ्यो भनिन्छ। सुकेनास लागेको वच्चालाई तराजूमा राखेर गोवरसंग वरावर तौल गरिन्छ र त्यो गोवरवाट भुँईमा वच्चाको आकृति बनाईन्छ। त्यसो गर्नाले वोक्सीको कुफत समाप्त हुन्छ र वच्चा निको हुन्छ भन्ने चलन र विस्वास तराईमा अद्यापी छ। सर्पले डसेर मृत्यू भयो भने बोक्सीले भुँईसप्पा ( मन्त्र द्वारा जन्माईएको सर्प ) ले टोकाएर माऱ्यो भनिन्छ। जव दशैंको घटस्थापना हुन्छ अनी नौरथा भरी वोक्सीहरूले टुनामुना र मन्त्र सिक्छन् भन्ने अन्धविस्वास छ। वोक्सीले तन्त्रमन्त्र गरी मारेको वच्चालाई आधारातमा गएर चिहानवाट ब्यूताउँछ र त्योसंग नाच्छ भन्ने पनि अर्को अन्धविस्वास व्याप्त छ। नौरथा लागे पछि तराईमा दिदी वहिनीहरू झिझिया नाच प्रदर्शन गर्छन्। मिथिला संस्कृतिका ज्ञाता सिरहाका पत्रकार देव कुमार यादव भन्छन् - मिथिला संस्कृतिको एक अंगको रुपमा रहेको झिझिया नाचमा दिदी वहिनीहरूले बोक्सीको मन्त्र विद्या फाप नहोस भनेर गित गाउने र नाच्ने गर्छन्। गितमा उनीहरूले वोक्सीलाई गाली गर्छन्। एउटा भाँडोमा अनगिन्ती प्वाल पारेर भाँडाको वीचमा दियो वालेर महिलाहरूले टाउको माथी बोकेर नाच्छन्। वोक्सीले भाँडामा भएको प्वाल गिन्ती गर्न नसकोस भनेर उनीहरू फन्फनी घुमेर नाच्छन्। नौरथामा वोक्सीले मन्त्र सिक्ने हुनाले त्यसको विरुद्ध झिझिया नाच गरिन्छ। भाँडाको प्वाल गिन्ती गर्न नसक्नेले वोक्सी मन्त्र जान्दैन भन्ने आम विस्वास छ। संस्कृतिको यो हिस्साले समाजलाई अन्धविस्वास तिर धकेल्न अभिप्रेरित गरिरहेको पत्रकार यादव को भनाई छ। सिरहा कै ईनरवा भन्ने ठाउँमा कमला नदीको वगरमा हरेक वर्ष कार्तिक शुक्ल पुर्णिमामा भूत मेला लाग्ने गर्छ। त्यो मेलामा पुरै तराई र भारतका सिमावर्ती गाउँहरूवाट भएभरका धामीहरू भेला हुन्छन्। नयाँ जागेका धामीहरूले पनि उक्त मेलामा आएर सतवैध ( शपथ ग्रहण ) गर्नुपर्छ। हरेक गाउँमा २-४ जना धामी हुन्छन्। धामीको अस्तित्व र प्रयोजन त्यतिवेलासम्म मात्र हुन्छ जवसम्म समुदायमा भूत, प्रेत र वोक्सीको अन्धविस्वास जीवित हुन्छ। धामीले आफ्नो पेशाा र व्यवसाय चलाउन पनि नजानिदो तरिकाले गाउँमा हल्ला चलाएको हुन्छ फलानाकी स्वास्नी वोक्सी छ। गाउँमा अन्तर्मुखी स्वभाव भएकी , काली कुरुप र आखाँ ठुलठुला भएकी महिलालाई वोक्सी भनेर आरोपित गरिएको हुन्छ। दुर्व्यवहार हुन नपाएका तर समाजमा वोक्सी हो भनेर आरोपित भएका महिलाहरूको संख्या पनि धेरै छ। मुखेञ्जेली नभने पनि परोक्षमा वोक्सी हो भनेर कुरा काटिन्छ। आफ्ना वच्चाहरूलाई त्यसको घरमा नजानु वा त्यसले दिएको कुरा नखानु भनेर हिदायत दिईन्छ। पशुधन माथी भएको विगारलाई सुधार्न धामी प्रयोग गरेर झारफुक गरिन्छ। तर कथंकदाचित मान्छे मऱ्यो भने त्यसले उपद्रव निम्त्याउँछ। तराईमा धामीलाई घरमा वोलाएर वैस्की ( धामी चिन्ता वस्नु ) गराईन्छ। धामीले नामै किटेर वोक्सी त भन्दैन तर घर देखि पुर्व वा पस्चिम , कालो वर्ण भएकी , पुर्व माईति भएकी आदी आदी भनेर हुलिया बताउँछ। त्यसैको आधारमा पहिल्यै देखि आरोपित महिलालाई समाएर मल मुत्र खुवाउने र कुटपिट गर्ने गरिन्छ।

**कमजोर माथीको अत्याचार**

तराईमा एउटा उखान छ कमजोरको श्रीमती सवैको भाउजू। वोक्सीको आरोपमा प्रताडित महिलाहरूको स्थितिलाई हेर्ने हो भने भन्न सकिन्छ कमजोरको छोरी वुहारी र श्रीमती वोक्सी। वोक्सीको आरोपमा अत्याचार गरिएका सवै महिलाहरू गरीव तथा निमुखा वा कमजोर वर्गका छन्। अधिकांस त दलित वर्गका छन्। यसको आधारमा भन्न सकिन्छ समाजमा कमजोर वर्गलाई सताउन बनाईएको शोषण र दमनको यो एउटा उपक्रम हो। यो सामन्तवादी यूगको प्रारम्भ देखि अहिलेसम्म चलिरहेको छ। असनपुर - ६ का समाजसेवी युवा रविन्द्र साह भन्छन् मेरो परिवारको कुनै महिलालाई कसैले वोक्सीको आरोप लगाउन त के त्यस्तो कुरा कसैले सोच्न पनि सक्दैन। किनकी म समाजमा त्यति कमजोर छैन। केही वर्ष अगाडी लालपुर - ८ का व्रहमदेव महतोकी श्रीमतीलाई पनि वोक्सीको आरोपमा दुर्व्यवहार गरिएको थियो। उनी भन्छन् मेरो २ विगहा जग्गा गाउँका सामन्तको प्लटको वीचमा थियो। उ चाहान्थ्यो कसैगरी यसलाई विस्थापित परौं र मेरो जग्गा किनेर चक्लावन्दी मिलाऔं। उसले मेरो श्रीमतीलाई वोक्सी आरोपित गरेर दुर्व्यवहार गरायो। त्यतिवेला मेरा छोराहरू सानै थिए। म कमजोर थिए। तर अहिले मेरा छोराहरू वढे। अव कसैले वोक्सी भने त्यसको जीव्रो थुतिन्छ। नेपाली काग्रेस सिरहाका नेता लालवावु साह भन्छन् मात्र अन्धविस्वासको कारणले यति धेरै घटना घटेको भन्नु भूल हुने छ। उनी भन्छन् - गाउँमा एक आपसमा झगडा र अन्तरविरोधहरू हुन्छन्। त्यसैमा वलियोले कमजोरसंग सत्रुता साध्न यो हतकण्डा अपनाउँछ। ( मधेश दर्पण फिचर सेवा)

# Evidence of trouble in India

I. A. PANSOHTA

After ruthless and indiscriminate attacks on the security forces and police stations, it is would not be wrong to infer that the followers of the Mao's movement are rapidly increasing. According to a recent study, Naxalite groups are busy extending their influence, with rough estimates about their strength suggesting a number running into tens of millions. Recent incidents such as attacks on police stations in Chhattisgarh, Jharkhand and Orissa, and the storming on the house of a Congress leader A.S. Gautam, in Dantewada, suggests that this revolutionary struggle is now getting out of hand. Whilst the Indian security forces have increased their efforts to crack down on the revolutionaries, little if any attention has been giving to ascertaining the causes behind the rapid rise in the popularity of the movement. While India has always tried to shift all the blame concerning terrorism on Pakistan, it has conveniently ignored the factors which are helping spawn the menace within its own boundaries. The deprived and discriminated masses, which form about 40 to 50 percent of the population, are subject to poor governance and social injustice. A close analysis of the situation on the ground renders the old argument about infiltration from the Pakistani side, an old cliché; without any rhyme or reason. The Indian region is a unique example in the world as the region that continues to be in a perpetual state of war. The cut-throat political vendetta between warlords (both local and outsiders), clashes of egos, simmering religious and sectarian tensions are compounded by the complex linguistic and literary developments, all of which have led to the proliferation of a suicidal culture during the last three millennia. In hindsight, it is obvious that most of the efforts launched by Delhi to bring a lasting "peace" in India have proved to be unsuccessful. Despite the claims of a miracle economic growth and the world's largest democracy, issues such as racial apartheid, expansionism and hegemonic muscle-flexing have not been addressed properly, which has led to poor relations with the neighbouring states as well. Since its establishment, the caste system in India has persisted as a strong social and economic divide. Even during the Raj, it was only the Brahmans who were selected to fit into the British scheme of sharing power with the locals. Interestingly, prominent leaders such as Nehru and Gandhi too emerged from the higher castes, with lower castes often having little representation. Leaders belonging to the Dalit caste, the bottom rung of the ladder, such as the Indian constitutionalist Ambedkar were often overlooked Dalits, who constitute approximately 20 percent of India's one billion plus population, have often struggled against the caste hierarchy, a system which has sentenced them an the eternal yoke of serfdom. The continuation of such a discriminatory outlook has led to a vicious cycle among the caste systems due to the excessive feelings of discontent amongst "lower" classes. Thus, the concept of a unified nation still seems to be elusive as far as India is concerned. Since philosophy of Communism relieves the society from any polarisation, it is considered by a growing number of people as the only panacea to overcome class differences. Mao's political theory has not only gained popular support amongst the lower sections of Indian society, but has also alienated the privileged and dominant groups, as they are not ready to share their perks and privileges with the 'have-nots'. Now the former group has turned to force, as a tool to fight for their betterment. It is thus no wonder that the Indian Prime Minister has come out and stated that India is facing its most grave threat from the Maoists, and this factor must be not be overlooked if we are to tackle the terrorism issue in the region. The writer is a freelance columnist.

## India, authorities declare war on Kashmiris: Mirwaiz

Srinagar, August 04 (KMS): In Indian occupied Kashmir, the Chairman of All Parties Hurriyet Conference, Mirwaiz Umar Farooq, while condemning the killing of more civilians in the occupied territory by Indian police and CRPF, said that the India government and the occupation authorities had declared a war on the people of Kashmir. Mirwaiz Umar Farooq in a statement issued in Srinagar said that the puppet chief minister had asked India to send more troops to occupied Kashmir as the presence of 700,000 troops wasn't enough to kill Kashmiris and suppress their struggle for freedom. "This clearly shows a war has been declared on Kashmiris and India has pledged to carry out the genocide of innocent and unarmed people in the Valley," Mirwaiz added. The APHC Chairman said that the grave situation in Jammu and Kashmir was not only an eye-opener for the conscientious people in India, but also demanded an immediate attention from the international community. "For the sake of upholding justice and human values, the international community must put pressure on India to resolve the long pending Kashmir dispute," he said.

## पूर्व युवराज पारसद्वार विद्यालयको उद्घाटन

पथलैया । पूर्व युवराजाधिराज पारस शाहले श्री ५युवराजाधिराज को हौसियतमा २२ वर्ष पुरानो श्री नेपाल राष्ट्रिय निम्न माध्यामिकको रिवन काटेर विद्यालयको उद्घाटन गर्न पारस शाह वारा पुगेको वेला समर्थकहरूले राजा आऊ देश वचाऊ' भन्ने नारापनि लगाए । हातमा पारस र हिमानीका फोटो अंकित प्लेकार्ड, व्यानर बोकेका विद्यार्थी र अभिभावकले पारस र राजपरिवारको जय जय गाएका थिए । श्री ५ युवराजाधिराज पारसको जय' अंकित टिसर्ट लगाएका राजावादी विद्यार्थी तथा अभिभावकको नेतृत्व गरेका थिए । टिसर्ट र झण्डामा मात्र होइन, मञ्चमा लगाइएका दुईवटा व्यानरमा पनि पारसलाई 'श्री ५ युवराजधिराज' भनेर सम्बोधन गरिएको थियो । संगै राखिएको नेपालको झण्डामा पनि चन्द्रको ठाउँमा पारस र सूर्यको ठाउँमा हिमानीको फोटो छापिएको थियो ।



२०४५ सालमा स्थापना भएको विद्यालय भवनको केही माग पूरा भएपछि पूर्व युवराजलाई बोलाएर उद्घाटन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मणजी साहले बताउंदै भने- 'विद्यालयका अभिभावक र स्थानिय बासिन्दाको अनुरोधमा पूर्व युवराजबाट विद्यालय भवनको उद्घाटन गराइएको हो । विद्यालयमा थप कक्षा कोठा र कम्पाउण्ड बनाउन सहयोग पाइने आधारमा पनि पूर्व युवराजाबाट उद्घाटन गराइएको विद्यालयका प्रधानध्यापक सम्पत साहले भने-' आगामी वर्षदेखि उच्च माध्यामिक कक्षा सञ्चालनमा ल्उाउने तयारी छ, उहाँबाट पनि युवराजले यथाशक्य सहयोग गर्ने बाचा गर्नु भएको छ ।'

पूर्व युवराज पारस शाहले विद्यालय परिसरमा रहेका रामजानकी हनुमान शंकर र जिनाद बाबाको मन्दिर भित्र गएर दर्शन गर्नुभएको थियो । कार्यक्रम सफल पार्न पाँच सय स्वयंसेवक खटाइएको, पारस शाहको सुरक्षाका लागि ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो भने विद्यालय परिसर भित्र आयोजकले दुई सय ८० मिटर कपडाको ४० फिट उचाइका दुईवटा राष्ट्रिय झण्डा राखेका थिए । स्वयं सेवकहरूले पारसको फोटो सहित 'श्री ५ युवराज पारस वीर विक्रम शाहदेव जिन्दावाद' लेखिएको टिसर्ट लगाएका थिए । कार्यक्रम स्थलमा राष्ट्रिय सरोकार मञ्च नेपाल, मुस्कान सेना नेपाल, शिव सेना र राजावादी संघ-संगठनहरूको कार्यक्रमहरूको ठूलो उपस्थिति थियो, भने पूर्व युवराज पारसले आफ्ना शुभचिन्तकलाई भेट गर्नु भएको थियो । ***गोविन्द थापा मगर प्रशिक्षार्थी***

## नेपाल आइटिएफले वार्षिकोत्सव मनाउँदै

काठमाडौं / नेपाल इन्टरनेशनल तेक्वान्दो महासंघ (नेपाल आइटिएफ)ले आफ्नो स्थापनाकालको १३औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गर्दै मनाइरहेको छ । महासंघले यसै अवसरमा श्रावण १४ र १५ गते पूर्वको विराटनगर, मध्यमाञ्चलको काठमाण्डौंमा, पश्चिमाञ्चलको पोखरामा र मध्य-पश्चिमाञ्चलको नेपालगञ्जमा सम्पन्न २०० भन्दा बढी खेलाडीहरूको बल्याक बेल्ट ग्रेडिङ्ग कार्यक्रम सकिएको छ । यसैगरी श्रावण १९ गते बृद्ध-बृद्धाहरूको सम्मानमा पशुपति स्थित बृद्धाश्रममा रहेका २३० जना बृद्ध-बृद्धाहरूलाई खाना खुवाउने कार्यक्रम समेत गरेको छ । महासंघका अध्यक्ष कृष्ण बहादुर बलालले जानकारी दिनु भएअनुसार विगतका समयमा जस्तै श्रावण २० गते रक्तदान कार्यक्रम, २१ गते राष्ट्रिय खेलकुद परिषद् परिसर भित्र सरसफाई कार्यक्रम र २२ गते महासंघको स्थापना भएको दिन वार्षिकोत्सव समारोह तथा सम्मान कार्यक्रम राखिएको छ ।



# भारतका द्विपीय मुलुकमा राजनीतिक समानताको खोजी

*– नसीम आकबुराली*

"सधैं विलाप गर्नुको साटो किन तिमी आफ्नै नेतृत्वमा राजनीतिक दल खोल्दैनौ," म्याडागास्करकी महिला राजनीतिकर्मी ब्रिगिट राबेमानाचोआलाई केही मानिसले सोधे। उनले चुनौतीलाई स्वीकारिन् र २२ जना महिला सदस्य मिलेर ड्रेब्रुअरीमा आम्पेला मानो पोलिटिका नाम गरेको राजनीतिक पार्टी खोलिन्। अहिले यस पार्टीमा ५,००० भन्दा बढी महिला र १० जना पुरुष सदस्य छन्।

महिलाको राजनीतिमा प्रतिनिधित्व म्याडागास्करमा ३.७५ प्रतिशत मात्र रहेकाले महिलाको भूमिका ज्यादै नाजुक छ, रासामोलिनाले भनिन्। यस्तै अवस्था भारतीय महासँगरका द्विपीय राष्ट्रका धेरै महिलाको छ। राजनीतिमा महिलाको प्रतिनिधित्व कोमोरोसमा ३ प्रतिशत, मरिससमा १८ प्रतिशत र सेसिल्समा २३.५ प्रतिशत मात्र रहेको छ।

राजनीतिमा महिलासम्बन्धी इन्डियन ओसन कमिसन (डब्लुआईपी) द्वारा आयोजित कार्यक्रममा रासामोलिना र ३० जना अन्य महिलाहरू राजनीतिमा पुरुष र महिलाको सहभागितामा समानताको खोजी गर्ने उपाय पहिचान गर्न मरिससमा भेला भएका हुन्।

"म्याडागास्करका १,५५७ वटा क्षेत्रीय परिषद्मा ६७ जना र २२ जना क्षेत्रीय प्रमुखमध्ये एकजना मात्र महिला छन्," म्याडागास्करमा महिला सहभागिता सम्बन्धमा रासामोलिना भन्छिन्। सेसिल्सको अवस्था भने केही ड्रुरक छ। यस क्षेत्रका अन्य महिलाको दाँजोमा सेसिल्सका महिलाहरू विभेदबाट त्यति प्रताडित हुनु नपरेको बताइन्छ। सन् २०१५ सम्ममा राजनीति र निर्णय-निर्माण तहमा ५० प्रतिशत महिलालाई सहभागी गराउने लैंगिक र विकाससम्बन्धी एसएडिसी सन्धीमा सेसिल्सले प्रतिबद्धता व्यक्त गरेको भए पनि २३.५ प्रतिशत महिलाको राजनीतिमा संलग्नता रहेको छ। रुढीवादी मुस्लिम समुदाय रहेको कोमोरोसको संसदमा ३३ जना पुरुष भए पनि १ जनामात्र महिला सहभागी छिन्। प्रत्येक मुलुकमा महिलाले राजनीतिमा सामना गरिरहेका चुनौती विविध किसिमका रहे पनि धेरै अवस्थामा यिनीहरूबीच समानता पनि छ।

रासामोलिनाका अनुसार म्याडागास्करमा राजनीतिमा महिलाको प्रतिनिधित्व नहुनुमा एउटा प्रमुख अवरोध भनेकै पुरुषले मात्र शासन गर्नुपर्दछ भन्ने त्यहाँ व्याप्त स्थानीय परम्परा हो। "सहयोगको जरुरी भएको समयमा महिलालाई अग्रपंक्तिमा राखिन्छ र प्रशंसा पनि गरिन्छ। हामी बालबच्चा जन्माउने र तिनीहरूलाई दूध खुवाउने मेसिन मात्र होइनौं। यो हाम्रो कमजोरी होइन, यथार्थमा यो समाजका निम्ति मूल्यवान कुरा हो," रासामोलिना भन्छिन्।

निर्णय निर्माण प्रक्रियामा बढी महिला आवद्ध हुन सकेमा महिलाको आवाज सुन्ने वातावरण तयार हुन्छ, उनी भन्छिन्। महिला अधिकारवादी सँस्थाहरूले म्याडागास्करको नयाँ संविधानमा राजनीति समेत लैंगिक समानतालाई समावेश गर्न आवाज उठाइरहेका छन्।

तर सेसिल्समा परिस्थिति भिन्न छ। पुरुषहरूले नै महिलाका निम्ति राजनीतिमा प्रवेश गराउन अवसर सिर्जना गरेका छन् र यस क्षेत्रका देशहरूमध्ये महिलाको सहभागिताको प्रतिशत (२३.५) सबैभन्दा उच्च छ।

समाज विकास विभागकी मुख्यसचिव लिन्डा विलियम आफ्नो मुलुकमा महिला विरुद्धमा कुनै किसिमको विभेद नरहेको बताउँछिन्। महिला हुन् वा पुरुष, उनीहरू सक्षम छन् भने राजनीतिक दलहरूले उनीहरूलाई चुन्छन्। "स्पष्टै छ सेसिल्समा महिलाले राजनीतिमा भूमिका निर्वाह गर्न सक्षम भएको शिक्षाकै कारण हो। राजनीतिमा सहभागिता जनाउन महिलालाई धार्मिक वा साँस्कृतिक अवरोध छैन।"

विलियम सेसिल्समा सन् २०१२ मा हुने चुनावमा महिलाको प्रतिनिधित्व ५० प्रतिशत पुग्ने बताउँछिन्। तर कोमोरोसमा महिलालाई राजनीतिमा मुश्किलै सहभागी गराइन्छ र उनीहरूको निर्णय-निर्माण प्रक्रियामा यथार्थमै शून्य बराबरको प्रतिनिधित्व रहेको छ। "कोमोराली महिलामा आत्मविश्वासको कमी छ। सार्वजनिक क्षेत्रमा काम पाएकोमा उनीहरू सन्तुष्ट छन्," लैंगिकसम्बन्धी वकिल राष्ट्रिय सञ्जाल (रेनाग) की सदस्य एचाटी चधौली बताउँछिन्। संसदमा महिलाको प्रतिनिधित्वको कमी भएकोमा उनी पुरुषहरूलाई मात्र दोष दिन चाहन्नन्। शिक्षित पुरुषले महिलालाई राजनीतिक क्षेत्रमा प्रवेश गर्नबाट बञ्चित गराउने सम्भावना नरहेको उनको दाबी छ।

"विगतमा धार्मिक नेताहरूसँग हाम्रा केही समस्या थिए तर अब त्यो परिस्थिति छैन। महिलालाई अहिले राजनीतिमा प्रवेश गर्न पूर्णतः छुट छ र उनीहरूले माथिल्लो ओहोदा पनि दाबी गर्न सक्छन्। तर उनीहरूलाई राम्रोसँग बुझाउन नसकिएका कारण कोमोरियाली महिलाहरू मानिसको पर्खाइमा बसिरहेका हुन्छन्," चधौलीले भनिन्।

फ्रेन्च कोलोनी ला रि-युनियनमा पुरुषले महिलालाई सहजै शक्ति बाँडफाँड गर्न चाहँदैनन्, नस्सिमाह डिन्डार बताउँछिन्। कोलोनीको सरकार प्रमुखको नेतृत्व समेत गरिरहेका डिन्डार महासभाका अध्यक्ष पनि हुन्। "क्षेत्रीय र नगरीय चुनावका निम्ति समानता सम्बन्धी कानुन भएपनि राजनीतिक दलहरूले महिलालाई माथि उठाउने सवालमा धेरै समस्या सिर्जना गरिरहेका छन्," उनी भन्छिन्।

पुरुषले महिलाको प्रतिष्ठालाई सहजै धमिल्याउने र राजनीतिमा उनीहरूलाई अस्थिर बनाउने गरेको उनको धारणा छ। "यस्तो भाले जुधाइबाट आफ्नो प्रतिष्ठामा आँच पुग्ने भयका कारण धेरै महिलाले राजनीतिमा त्यति चाख राख्दैनन्," डिन्डारले आईपीएसलाई बताइन्।

मौरिससमा महिलाले चुनावी टिकट प्राप्त गर्न अझै पनि कठिन छ। चुनाव अघि चुनावमा उम्मेदवार हुन चाहने व्यक्तिले दलका नेताबाट मनोनयन गरिएको हुनैपर्दछ। यसको विकल्प भनेकै चुनावमा स्वतन्त्र उम्मेदवार हुनु हो।

सत्तारुढ दल "एलायन्स फ्र फ्युचर" का तर्फबाट एलिन ओडले चुनावी टिकट पाएकी छिन् तर चुनावमा उनी पराजित भइन्। पुरुषले राजनीतिक क्षेत्रमा प्रभुत्व जमाएको भए पनि महिलाले भर्खर यस क्षेत्रमा प्रवेश गर्न थालेको ओड बताउँछिन्। उनको विचारमा काँडैकाँडा भएको मार्गमा आफ्नो उपस्थिति देखाउन अझै केही समय लाग्नेछ।

"पार्टीलाई जित्नसक्ने उम्मेदवारको जरुरी हुन्छ। नेताहरूले महिलाले जित्नसक्ने सम्भावना न्यून रहेको विचार गरी केही महिलालाई मात्र मनोनयन गर्दछन्," ओड भन्छिन्। उनी महिलाका पक्षमा दरिलो लबी नभएको दोषारोपण गर्छिन्।

तर मौरिससमा महिलाको राजनीतिमा प्रतिनिधित्व सुधारसम्बन्धी अनुगमन गरिरहेको डब्लुआइपीका सदस्य ब्रुनो उमेड कानुनी व्यवस्था, समानुपातिक प्रतिनिधित्वको पद्धति र महिलाका निम्ति अस्थायी आरक्षण भएमा मात्र परिवर्तन हुनसक्ने बताउँछन्। "राजनीतिक दलहरूको विश्वासमा हामीले यसलाई छाड्यौं भने केही परिवर्तन आउँदैन," उनी भन्छन्।

# विदेशिने लस्कर रोक्ने कसले ?

काठमाडौं / सरकारले ११ महिनामा ८६ हजार ६ सय १ जना वैदेशिक रोजगारिमा गएको आंकडा देखाएको छ। यो प्राप्त विवरण पेश गर्दा सरकारलाई लज्जाबोध भएको देखिदैन। यसबाहेक पढ्नका लागि जाने विद्यार्थीको संख्या अलग्गै छ भने भारत भएर विभिन्न मुलुकहरूमा पढ्न, काम गर्न जानेहरूको संख्या गिन्तीमै छैन। यसरी युवायुवती विद्यार्थी अर्थात् श्रमशक्ति, बौद्धिक क्षमता विदेशिनु भनेको देशको भविष्य विदेशिनु हो। यसबाहेक नेपालको अरबौं रुपैयाँ पनि विदेशिने क्रम जारी छ। तर सरकार रेमिट्यान्स हेरेर दङ्ग परिरहेको छ। यस्तो राज्यको नीति देश विपरित छ। देशका उद्योग धन्दा बन्द गर्नु अराजकता, आतंक र दण्डहिनता बढाउनु, युवा जमातलाई विदेशिन बाध्य पार्नु भनेको राष्ट्रलाई कँगाल पार्दै जानु हो। राजनीतिक दलको अकर्मण्यता र गलत सोचले राष्ट्र खोक्रो र अपाङ्ग बन्दै गएको छ। यस तिर समाजशास्त्री, विद्वानहरूले दृष्टि दिएको र राजनीतिक वर्गलाई सचेत पारेको पाइन्न। नेपाल वर्तमान अवस्थामा विश्वको प्रहसन हेर्ने थलोको रुपमा विकास हुँदैछ। नेपालमा राजनीतिक नेताहरू प्रचण्ड, रामचन्द्र वा झलनाथ खनाललाई कुनै ग्लानी बोध भएको देखिदैन। राजतन्त्र फालेर प्रहशनका पात्रहरूले नेपालको छवीलाई धमिल्याइ दिएका छन्। *मीनबहादुर श्रेष्ठ प्रशिक्षार्थी*

# मधेशलाई संकुचित पार्ने अभियानको थालनी

*– सुरेन्द्र कुमार झा*

राष्ट्रिय राजनीतिमा मधेश आन्दोलन पश्चात देखिएको मधेशको दह्रो उपस्थितिलाई यस देशका कतिपय स्थापित राजनीतिक शक्तिहरू, राजनीतिक दलहरू, राज्य सत्ता संचालन गर्ने राजनीतिक संयन्त्रका प्रमुखहरू, केहि बौद्धिक दरिद्रता बोकेका सामाजिक चाटुवार बौद्धिक जर्ग एवं केहि विदेशी दलालहरूलाई पाच्य भइराखेको छैन्। यसर्थ यिनीहरू विगत एक वर्ष देखि मधेशलाई दुरगामी प्रभाव पार्ने सामाजिक रुपान्तरणका लागि गरिने कार्यक्रमहरू सरकारी योजनाहरू आर्थिक रुपान्तरणका लागि हुनुपर्ने सरकारी योजनाहरू, विकासका परियोजनाहरू शैक्षिक स्तरको अभिवृद्धि तथा सबैको लागि शिक्षामा पहुँच हुने जस्ता कार्यक्रमहरू, मधेशमा एउटा बृहत राजनीतिक शक्तिको निर्माण हुने सम्भाव्यता, सुरक्षाको अनुभूति तथा प्रशासनिक कार्यबाट जनताले पाउने सेवाहरू, स्वास्थ्यलाई प्रभाव पार्ने कार्यक्रमहरू, मधेशको संस्कृति तथा पहिचानलाई अन्तर्राष्ट्रियकरण गरिने कार्यक्रम तथा उद्योगधन्दा संचालन, रोजगारीको अभिबृद्धि एवं सरकारले उठाउने स्थानीय तथा मधेश क्षेत्रबाट राजस्व एवं त्यसको मधेश क्षेत्रमा लगानी साथै वैदेशिक सहयोग एवं गैर सरकारी संस्थाहरूले संचालन गर्ने विकास एवं सोझै पिछडडिएका जनतालाई प्रभाव पार्ने कार्यक्रमहरू आदिलाई मधेश एवं मधेशी जनताको पहुँच एवं मधेशको विकासमा सहयोग हुन नदिने गरी विभिन्न कोण एवं स्थानबा अनवरत रुपमा एउटा अभियान नै संचालन गरेको देखिन्छ र मधेशमा सशस्त्र समूहहरूलाई दोष दिई उम्कने प्रयास भइराखेको पाइन्छ। मधेशलाई संकुचनमा पारेको कुरालाई निम्न तथ्यहरूले प्रमाणित गर्दछ।

**क) एक मधेश स्वायत्त प्रदेश हुन नदिने गरी राज्य पुनर्संरचना समितिद्वारा प्रतिवेदन पेश :–** मधेश आन्दोलनको आवाजलाई दबाउने प्रयास स्वरुप मधेशी जनताको एकमात्र राजनीतिक उद्देश्य "एक मधेश स्वायत्त प्रदेश"को विरुद्धमा राज्य पुनर्संरचना समितिद्वारा १३ राज्यको अवधारणा संविधान सभामा पेश गरियो। खसवादी शासकले देशलाई ३ खण्डमा विभाजन गरी (हिमाल, पहाड र तराई) वर्षौं राज्य गर्दा विखण्डन नहुने तर यस देशको आधा भन्दा बढी जनसंख्या भएको वर्ग मधेशी जनताले एक मधेश स्वायत्त प्रदेश भन्दा देश विखण्डनमा जान्छ भनि भ्रामक प्रचार गरी नेपाल देशलाई कमजोर पार्ने षडयन्त्र भएको पाइन्छ।

**ख) विवाहको १५ वर्ष पश्चात् मात्र विदेशी महिलाले नागरिकता पाउने :–**मौलिक अधिकार तथा सिद्धान्त समितिले नेपाली नागरिक(पुरुष)ले विदेशी महिलासँग विहे गर्दा १५ वर्ष पश्चात् मात्र नेपाली नागरिकता पाउने प्रावधान पेश गरेको छ। यो समितिले कतिपय प्राविधिक तत्वहरूलाई नजरअन्दाज गरी एकतर्फी रुपमा यस्तो निर्णय गरेको छ। विवाह पश्चात् लगत्तै पतिको निधन भएमा ती महिलाले वहन गर्नुपर्ने सामाजिक तथा कानुनी जिम्मेवारी कसरी वहन गर्ने छिन ? साथै यसले मधेशको भारतसँगको सम्बन्धलाई समेत प्रभाव पार्ने छ।

**ग) विशेष शान्ति शुरक्षाको नाममा राज्यद्वारा आतंक :–**विशेष शान्ति सुरक्षाको नाममा राज्यले करोडौं रुपैयाँ मधेशलाई कमजोर पार्ने अभियानमा युवालाई समगलिङ्ग, चन्दा आतंक मचाउने, हातहतियारको धन्दामा संलग्न गराई मधेशीद्वारा नै मधेशी जनतालाई दुःख दिई मधेशी जनतामा मधेशको राजनीतिक शक्तिहरूप्रति घृणा एवं वितृष्णा जगाउने कार्य गरिदैछ तथा राज्य संचालन गर्ने अधिकारीहरूले सबै प्रकारको सामाजिक अपराधमा संलग्नता एवं संरक्षकको भूमिका अपनाएको देखिन्छ। यसले मधेश आक्रान्त पनि भएको छ। मधेशमा राजनीतिक कार्यकर्तालाई अपराधी भन्दै सफाया गर्ने अभियानको संचालन राज्य सत्ताले नै गरेको पाइन्छ।

**घ) मधेशी जनअधिकार फोरमको विभाजन :–** मधेश यस अर्थमा निकै महत्वपूर्ण मानिन्छ कि यस देशको आधा भन्दा बढी जनसंख्या मधेशमा बसोबास गर्छ र तिनी मधेशी हुन्। मधेशमा एउटा बृहत राजनीतिक शक्तिको निर्माण भयो भने यो देशको शासन सत्ता सदाको लागि मधेशमा जानेछ भन्ने डरले यस देशको खसवादी राजनीतिक शक्तिहरू मिलेर मधेशको राजनीतिक शक्तिहरू बीचमा अन्तरद्वन्द्व बढाउने, फुटाउने, किनबेच आदि खेल सुनियोजित रुपमा गर्दै आएको पाइन्छ। यसको पछिल्लो शिकार चाँहि मधेशी जनअधिकार फोरम हुन पुगेको छ।

**ङ) मधेशी नेताबिनाको उच्च स्तरीय राजनीतिक संयन्त्र :–** मधेशलाई प्रतिनिधित्व गर्ने मधेशी राजनीतिक दलहरूको प्रतिनिधिबिनाको उच्च उस्तरीय राजनीतिक संयन्त्र प्रति हाम्रो व्यापक असहमति एवं शंका छ कि कतै यो संयन्त्र मधेशलाई कमजोर पार्ने एउटा षडयन्त्रको रुपमा भविष्यमा आउने त हैन। मधेशको सम्मानित नेताहरूलाई अपमान हुने गरी यो संयन्त्रको निर्माण गरिएको छ।

**च) मधेशमा निर्माण हुने विकासका सम्बन्धीत परियोजनाहरूमा ढिलाई :–** एक त मधेशलाई जुन रुपमा विकास गरिनुपर्ने हो त्यो हुन सकेको छैन साथै कतिपय योजनाहरू जुन बजेटमा स्थान पाएको छ। तिनीहरूलाई समेत समयमै बजेट निकासा गरी शुरु गरिनुपर्ने हो तर सरकारी उदासिनता देखिन्छ।

**छ) जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा नराख्ने षडयन्त्र :–** विश्वमै हिन्दू धर्मावलम्बीहरूको लागि जानकी मन्दिर तथा जनककी छोरी सीता पूजनीय एवं आस्थाको केन्द्र मानिन्छ, तर, नेपाल सरकारले यसलाई विश्व सम्पदा सूचीमा नराखी ठूलो बैर भाव गरेको पाइन्छ र यसले देशलाई ठूलो घाटा भइरहेको छ।

**ज) राष्ट्रियताको आन्दोलनको नाममा मधेशमा आतंक :–** हुनत नेपाल कम्युनिष्ट पार्टी माओवादी आतंक मचाउने कार्यकै लागि परिचित छन् र पछिल्लो समयमा सरकारमा पुग्ने अभियान स्वरुप नागरिक सर्वोच्चताको नारा उठाउँदै आएको थियो र असफल भएपछि राष्ट्रियता एवं स्वाधिनताको नाममा आन्दोलन छेडेको छ र भारतसँग बोर्डर इलाकामा तनावको सृजना गरी सबैभन्दा बढी मधेशी जनतालाई दुःख भइरहेको देखिन्छ। वर्षौंदेखिको भाइचारा एवं भारतीय बजारमा मधेशी जनताको पहुँचलाई यसले खलल पुऱ्याएको देखिन्छ। स्मरणहोस् मधेशमा नेकपा माओवादीको कुनै पकड छैन जुन संविधान सभाको परिणामले पनि दर्शाउँछ र मधेशी जनतालाई आन्दोलित गरी चलखेल गर्ने उद्देश्यले यो कार्य अभियानको रुपमा संचालित छ।

**झ) शैक्षिक क्षेत्रमा राजनीतिकरण :–** राज्य सत्ताले जानाजान मधेशमा शिक्षाको स्तर सखकियोस् भनेर लाखौं रुपैयाँ घुस लिएर शिक्षा अधिकारीहरूको नियुक्ति एवं सरुवा बढुवा गर्ने कार्य होस् वा परीक्षा केन्द्र तोक्ने कार्य वा परीक्षक नियुक्तिमा केन्द्रिय तहदेखि नै भ्रष्टाचार मौलाएको छ र मधेशको सन्ततीलाई गुणस्तरीय शिक्षाबाट बञ्चित गराउने तथा शिक्षाप्रति वितृष्णा जगाउने गरी परीक्षा प्रणालीलाई नै चुनौती पुऱ्याउने गरी मर्यादा विहीन तरिकाले परीक्षा संचालन भएको तथ्य थाहा भएपनि कुनै कारवाही नगरी प्रोत्साहन गर्ने गरिन्छ र

### आज...

कुनै उम्मेदवारले बहुमत नल्याएसम्म पटक पटक निर्वाचन हुने प्रावधान रहेको छ।

नेपालमा लोकतन्त्र भनिन्छ, तर यो भारतको जस्तो अथवा बेलायतको वेष्ट मिनिष्टर सिष्टम जस्तो होइन। ती दुवै देशमा ठूलो दललाई सरकार बनाउन दिएर ३० दिनभित्र विश्वासको मत लिन लगाइन्छ। नेपालको अन्तरिम संविधानमा त्यस्तो व्यवस्था राख्न माओवादीले इन्कार गर्दा अहिले उसैलाई घाटा हुन पुगेको छ।

हुन त माओवादी लोकतान्त्रिक आवरणमा एक दलीय सर्वसत्तावादी दल हो। त्यसैले जसरी पनि प्रचण्ड प्रधानमन्त्री बनेर सत्ता कब्जा गर्ने रणनीति गरिरहेको छ। हेरौं आज प्रचण्ड प्रधानमन्त्री बन्न सफल होलान् र सत्ता कब्जा सुरु होला कि नहोला ?

### सेना...

माओवादी पार्टीले पटक-पटक विवादास्पद कुरा उठाएर नेपाली सेनाको मनोवल गिराउने कार्य गरिरहेको छ। नेपाली सेना भनेको राष्ट्रको गौरवमय सेना हो। नेपाली सेना कहिल्यै पनि पार्टीगत स्वार्थमा सञ्चालन नहुने र सरकारको नीति निर्देशनमा सञ्चालित हुने सेना भएको हुनाले उसको मनोवल गिराउने, नेपाली सेनाको गौरवमय इतिहास बिगार्ने कार्य कहिंकतैबाट हुन हुँदैन। माओवादीका सेना भनेको एउटा पार्टीका सेना हुन्, उनीहरूलाई पार्टीगत प्रशिक्षण दिएको छ। पार्टीगत रुपमा एउटा पार्टीलाई सत्तामा पुऱ्याउन गठन गरिएको पार्टीगत सेनालाई नेपाली सेनामा समूहगत रुपमा कुनै हालतमा पनि प्रवेश गराउनु उपयुक्त हुँदैन। माओवादीले विरोध गर्दा गर्दै पनि पहिला नेपाली सेनाले भर्ना प्रक्रिया अगाडि बढाएको हुनाले अहिले आएर भर्ना प्रक्रियाको विरोध गर्नुको कुनै औचित्य छैन। नेपाली सेना करीब ९७ हजार रहेकोमा अहिले अवकासमा परेर करीब दश हजार पद रिक्त रहेको अवस्थामा नयाँ भर्ना प्रक्रिया शुरु नगर्ने हो भने केही वर्षभित्रैमा नेपाली सेनाको ब्यारेक मात्र रहन्छन् सेना हुँदैनन्। अवकाश लिँदै जाने अनि भर्ना प्रक्रिया अगाडि नबढाउने हो भने विश्वमा नाम कमाएको नेपाली सेना विभिन्न मुलुक शान्ति स्थापनाका लागि जाने क्रम समेत रोकिने र केही वर्ष भित्रमा माथिल्लो तहसम्म पुरै खाली हुँदै जाने भएको हुनाले कुनै हालतमा पनि भर्ना प्रक्रिया बन्द गरिन उचित हुँदैन। तसर्थ अविलम्ब भर्ना प्रक्रिया अगाडी बढाउनु उपयुक्त हुनेछ।

### माओवादीको...

अदालतको आदेशको सम्मान गर्लान कि नगर्लान् ? प्रचण्ड मौन छन्। जनसेना भर्ती काण्डले प्रचण्डको उम्मेदवारीलाई नराम्ररी प्रभाव पारेको छ।

जेहोस् लडाकुले भर्ती खोलेर बन्दूक उठाउने र पड्काउने सन्देश दिएका छन्। संविधानको आदेशनुसार राष्ट्रिय सेना ब्यारेकमा चुपचाप बसेको छ। लडाकुको भर्ती प्रकरणले नेपालमा सशस्त्र भीडन्त हुने, नरसंहार र रक्तपात रोक्न नसकिने खतरा देखिएन थालेका छन्। माओवदी यही खतारलाई मलजल गरिहेको छ। त्यसैले आज हुने प्रधानमन्त्रीको चौथो निर्वाचनमा पनि गाइजात्रा नै प्रर्दशन हुने अनुमान जोसुकैले लगाउन थालेकाछन्।

### एमाले...

जनाउन सकेको छैन। माओवादीका पूर्व लडाकूहरूको समायोजन र व्यवस्थापन भएको छैन, बाइसीएलको अर्ध सैनिक संरचना भङ्ग भएको छैन भने कब्जामा लिएका सर्वसधारण जनताको सम्पत्ति घर जग्गा फिर्ता नगरेको अवस्थामा नेकपा एमालेले अप्रत्यक्ष रुपमा माओवादीका उम्मेदवारलाई प्रधानमन्त्री बनाउनैका लागि तटस्थ रहने निर्णय गरेको बुद्धिजिविहरूले बताएका छन्।

तीन तीन पटकसम्म पनि प्रधानमन्त्री चुन्न असफल भएको व्यवस्थापिका संसदले आज पनि प्रधानमन्त्री चुन्न नसकेको खण्डमा संसद असफल सावित भएको भन्दै व्यवस्थापिका संसदमा सभामुखले संसद विघटन गरेर अर्को चुनावको घोषणा गर्दै त्यसै अनुरुपको निर्देशन सरकारलाई दिनुपर्ने कुरामा बुद्धिजिवीहरू सहमत देखिएका छन्। प्रधानमन्त्रीसम्म चुन्न नसक्ने ६०१ सभाषदहरूलाई जनताले पाली राख्नुको औचित्य के ? भन्ने चर्चासमेत चल्न थालेको हुनाले अविलम्ब दलहरूको ध्यान त्यसतर्फ जानु आवश्यक भएन र ?

### पार्टी...

सद्भावना पार्टी तटस्थ बसेका थिए र उनीहरूले संयुक्त मधेशी मोर्चासमेत बनाएर त्यही मोर्चाको निणयबाट सरकार बनाउन कसलाई सहयोग गर्ने निर्णय गर्ने गरेकामा श्रावण १७ गते संयुक्त मधेशी मोर्चाले तटस्थ बस्ने निणर्य गरेपनि उपेन्द्र यादव पक्षका ११ जना सभाषदहरूले माओवादी अध्यक्ष प्रचण्डलाई मत हालेपछि उपेन्द्र यादव अन्यौलमा परेको छन्। आफ्ना केही सभासदहरूले फ्लोर क्रस गरेर दाहालको पक्षमा मत हालेपछि मधेशी जनअधिकार फोरम नेपाल फेरी विभाजनको संघारमा पुगेको छ। त्यसरी फ्लोर क्रस गर्नेहरूमा मधेशी जनअधिकार फोरम नेपालका प्रमुख सचेतक अभिषेकप्रताप शाह, ओमप्रकास यादव, शिवपूजन यादव, जयराम यादव, इस्तियाक राय, श्रवण अग्रवा, रेणुकुमारी यादव, विजय यादव आत्मरामप्रसाद साह, नन्दकुमार दत्त र हरिनारायण यादव छन्। यी सबै सभासदहरू अध्यक्ष उपेन्द्र यादव निकट मानिएका हुनाले कहि कतै उपेन्द्र यादवको सहमतिमै उनीहरूले फ्लोर क्रस गरेको त होइनन् भन्ने प्रश्नसमेत उब्जीएको छ।

प्रत्येक राजनैतिक दलहरूले संसदको महत्वपूर्ण कार्यमा मतदान गर्नु पर्ने अवस्था आएमा आफ्ना सभासदहरूलाई कडा निर्देशन ह्वीप जारी गरेपनि ह्वीपको उल्लघन गर्ने सभासदहरूलाई पार्टीले कुनै कारवाही नगरेको हुनाले दाहालका पक्षमा मतदान गर्ने छुट उपेन्द्र यावदले नै दिएको प्रष्ट भएको छ। यदि होइन भने अध्यक्ष यादवले पार्टीको निर्णय उल्लंघन गरेको आरोपमा किन उनीहरूलाई सभासदबाट हटाउने निर्णय गरी सभामुखलाई जानकारी गराएनन्। स्मरण रहोस् उपेन्द्र यादव एमाले, माओवादी हुँदै मधेशी जनअधिकार फोरममा आएका व्यक्ति भएका हुनाले स्वयं उनको झुकाव माओवादी र सत्ताप्रति केन्द्रित रहेको आभास सजिलै पाउन थालिएको छ। यसरी माओवादी नेतृत्वले अन्य पार्टीहरू विभाजन गरेरै पनि भएपनि सत्ता हत्याउने फोहरी खेलमा लाग्नु स्वयं माओवादीको हितमा छैन भन्ने राजनैतिक पर्यवेक्षकहरूको धारणा रहेको छ।

### प्रधानमन्त्री...

थाहा छ। तर तीन दलबीच मतभेद बढ्दै गएको छ। १० महिनामा संविधान बनाउन कठिन बन्दै गएको अवस्थामा ठूलो मुद्दा सरकारको नेतृत्व कसले लिने भन्ने विषय बन्न पुगेको छ। राजनीतिक दलहरू सत्ताको मारामार गरिरहेको मौका छोपेर शक्ति राष्ट्रहरूको चलखेल र चासो बढेको छ। कांग्रेस र एमालेभित्रको झलनाथ इतरको खेमा कुनै पनि हालतमा माओवादीलाई कुनै पनि हालतमा सहमतिमा ल्याइने तर प्रधानमन्त्री नदिने पक्षमा छ। माओवादी जुनसुकै मूल्यमा प्रधानमन्त्री बनाइछाड्ने कसम खाएर खेलिरहेको छ। प्रधानमन्त्री पद १० वर्षे जनयुद्ध भन्दा ठूलो मुद्दा बन्न पुगेको छ।

### 'शरण'मा...

विषयहरूसँग पनि सम्बन्धित छ। स्वयं शरणले यो कुरा स्वीकार पनि गरिसकेका छन्। त्यसो त, नयाँ प्रधानमन्त्रीका लागि मात्र त राकेश सूद (भारतीय राजदूत) नै काफी थिए। श्याम शरणको यो आगमन भारतीय स्वार्थ अनुरुपको संविधान निर्माणदेखि लिएर भारतीय स्वार्थ पूरा गर्न सक्ने नेपालका नेताहरूको खोजी गर्ने कार्यका लागि हो भन्दा पनि फरक नपर्ला। भारतका लागि कसले बढी कबुल गर्छ- नेपालको प्रधानमन्त्री पद उसैलाई। यो 'नारा' लिएर श्याम शरण काठमाडौं उत्रिएका हुन्। ...यसमा कसैलाई दुविधा नै नहोस्। र, धिक्कार होस्, हामी नेपाली भनाउँदाहरूलाई। पराई आएर हामीलाई अऱ्याइ पराइ गरेर जान्छ, तर हामी चुप बस्छौं। हाम्रा यी दलाल नेताहरू आफ्नो झगडा मिलाउन विस्तारवादी छिमेकीलाई बोलाउँछन्, तर अहँ हामी चुइँक्क पनि बोल्दैनौं। हैन, हाम्रो नसामा रगत बग्छ कि पानी ? किन कोही एयरपोर्ट गएनन्- श्याम शरणलाई कालो झण्डा देखाएर 'स्वागत' गर्न ? किन कमल थापा मार्काहरूले वक्तव्य निकालेर भएपनि यस्तो प्रवृत्तिको घोर भर्त्सना गरेनन् ? यहाँका सबै राजनीतिक दलसँग हाम्रो 'समस्या' (नयाँ प्रधानमन्त्रीको) का बारेमा छलफल गर्ने अधिकार कसले दियो, श्याम शरणहरूलाई ? छिमेकी हौ ? भने आफ्नो हदमा बस्। हैन हामीलाई आफ्नो एउटा प्रान्त नै ठानेको हो भने त्यसमा अब खुलेरै आऊ। तिमीले (भारत) सक्ने तिमी गर, हामीले सक्ने हामी गर्छौं। ...कति सहने ? हाम्रा एकथरी दाजुभाइहरूले '...खाएर'यो अवस्थामा पुऱ्याए- मुलुकलाई। तर होइन, अब चाहिँ सहिँदैन- 'शरण' कहाँ जाने चरणदासहरूलाई।


**प्रशिक्षार्थी पत्रकार बनी काम गर्न इच्छुक छात्र छात्राहरूले यस पत्रिकाको कार्यालयमा सीधा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।**

**सम्पर्क**
**बागबजार, पिके अगाडि**
**फोन : ९८४९२५९२३५ ९७४१२४९१७२**


# फोरम फ्लोर क्रस र तटस्थ नबस्ने ...
# प्रचण्ड र रामचन्द्र दुवै दलाल

काठमाडौं / १७ गते प्रचण्ड र राचन्द्र दुवै प्रधानमन्त्री बन्न नसकेपछि संसद्बाट बाहिर निस्केका फोरमका प्रमुख सचेतक अभिषेकप्रताप शाहले टिभिलाई प्रतिक्रिया दिए, भारतका कारण दुवै उम्मेदवार अस्वीकृत भए। राचन्द्र र प्रचण्ड दुवै भारतबाट गाइडेड छन्। उनको भनाईको अर्थ, हो दुवै भारतीय दलाल हुन्।

१७ गतेको निर्वाचमा कांग्रेस र एमालेभित्र खेलेर वैचारिक द्वन्द्व गराउन सफल माओवादीले फोरमलाई पनि टुक्राइदिएको छ। उपेन्द्र यादवको नेतृत्व र मधेसी मोर्चाको निर्णयलाई लत्याउँदै ११ जना सभासदले माओवादीलाई मत दिएका थिए। पछि विज्ञप्ती प्रकाशित गरेर अनिर्णयको बन्दीबाट मुक्त हुन आग्रह पनि गरेको थिए। सचेतक शाहको भनाई छ– जनहित, राष्ट्रहित र मधेशसहितका लागि स्वविवेकमा फ्लोर क्रस गरेको हौं । विजय गच्छदारको नेतृत्वको फोरमले भने फ्लोर क्रस गरेको थिएन। जनसेनामा भर्ती खोलिएको काण्डले अन्तर्राष्ट्रिय चासोसमेत बढाएकाले आज हुने प्रधानमन्त्रीको निर्वाचनमा प्रचण्डका पक्षमा मधेशी मोर्चाले बहुमत जुटाइ दिन्छ कि कांग्रेसलाई समर्थन गर्छ। अत्याधिक चासोको विषय बनेको मधेशी मोर्चाको भोट लिनु प्रचण्डका लागि फलामको च्युरा चपाउनु भन्दा गाह्रो हुनेछ।

# म्याद सकिएको औषधी संविधानसभा

काठमाडौं / संविधानसभाको चुनाव अघि सबै दलका नेताहरूको एउटै वाणी थियो, संविधानसभाको चुनाव पछि सबै समस्याहरूको समाधान हुन्छ, मुलुकमा शान्ति बहाली हुन्छ, कानूनी राज्यले मान्यता पाउँछ। त्यसैलाई विश्वास गरेर जनताले संविधानसभाको चुनावमा भाग लिए अनि तोकिएको समयमा संविधान निर्माण गर्ने जिम्मेवारी लिएर ६०१ सभाषदलाई नेपाली जनताले संविधानसभामा पठाउ। तर तिनै जनताका प्रतिनिधिहरूले आज जनतालाई धोका दिए। मानौ उनीहरूलाई जनताले राज्यकोषबाट तलबभत्तालगायतका अन्य सुविधा उपभोग गर्नमात्र संविधानसभामा पठाएका थिए।

अहिले अप्रेशन गर्नु पर्ने विरामीलाई इन्जेक्सन लगाएर ठीक पार्न खोजिएको छ। डाक्टरले औषधी लेखिदिँदा समय सकिएको औषधी पऱ्यो भने विरामी निको हुनुको सट्टा उल्टो असर पर्न सक्छ। अहिले त्यस्तै भएको छ, संविधानसभा। संविधानसभा म्याद सकिएको औषधी हो। मुलुकको उपचारका लागि संविधानसभाका नामक औषधी प्रयोग गरिएको छ, तर औषधी म्याद सकिएको परेछ। संविधानसभाको पदावधि २०६७ साल जेठ १४ गतेसम्म भएपनि त्यसको म्याद एक वर्ष लम्व्याइएको छ। म्याद सकिएको औषधीको म्याद थप्दा त्यसले विरामीलाई निको पार्छ ? अवश्य पार्दैन। अहिले हाम्रो संविधानसभा पनि त्यही म्याद सकिएको औषधी जस्तो मात्र भएको छ ।

डाक्टरले विरामीलाई एउटा औषधीले निको नभएमा अर्को औषधी लेखिदिन्छन्, तर हाम्रो संविधासभाले अर्को औषधि त पायो, त्यो पनि केवल नारामा सीमित, बुहमतीय औषधी असफल सावित भएका बेलामा सहमतीय औषधी प्रयोग गर्ने नाममा राष्ट्रको ढुकुटी माथि लुट गरिएको छ। सभाषदहरू खरिदविक्री हुने सम्भावना बढेर गएको छ। दशैंमा उपभोक्ताले छानीछानी खसीबोका खरिद गरेझैं अहिले छानीछानी सभाषदहरू खरिदबिक्री गरिँदैछ, आखिर के का लागि ? बहुमतीय पद्दति असफल भयो भनेर नेकपा एमाले नामक पार्टी अर्को सहयोगी पार्टीका उम्मेदवारलाई सघाउन तटस्थको नाटक गरिरहेको छ। यी सबै कारणहरूको जड संविधानसभाको पदावधि लम्व्याउनु नै हो। नत्र तीन तीन पटमा समेत प्रधानमन्त्री चुन्न नसक्ने संविधानसभा नामक औषधीको औचित्य के ? ***दीपक थापा प्रशिक्षार्थी***


**सवारी साधन चलाउदा र बाटो कट्दा नियमहरु पालना गरौं, आफू पनि जोगिउ र अरुलाई पनि जोगाऔं।**

**नेपाल सरकार**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सूचना विभाग**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४११५६६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर